CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द शुद्धि विज्ञान

Maheswar Prasad

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

...0. Digitized by eGangotri and MIDF- Delhi

राठौसैरकोवैन

रमाकेवेणीप्रसाद नारनाव

ठाठामाचुमाम

सानीवी

...gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne...

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक वैज्ञानिक अनुसन्धान

शब्द-शुद्धि-विज्ञान

(सात घण्टामा शुद्ध सिकाउने अक्षरविन्यासको वैज्ञानिक)
व्याकरण

विषय बढेरपनि
छोटो, छरितो र सजिलो
संस्करण

लेखक :
हृदयचन्द्र सिंह प्रधान

पाँचौं संस्करण
१०००

वि. सं.
२०१५

मूल्यं
मो. रु. १८०
कं. रु. ।।।–

…gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne…

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक—स्वयं लेखक,
१४/२७६, मरुढोकासी टोल, नेपाल।

पहिलो संस्करण १०००, पृष्ठ ८५
दोस्रो संस्करण १०००, पृष्ठ ५५
तेस्रो संस्करण १०००, पृष्ठ ५२
चौथो संस्करण १०००, पृष्ठ ४२
पाँचौं संस्करण १०००, पृष्ठ ४१

सर्वाधिकार सुरक्षित

मुद्रकः—
"जगत् उद्धार प्रेस"
जुद्ध सडक, काठमाडौं।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय - सूची

ह्रस्व-दीर्घ-प्रकरण

	पृष्ठ
१. पछाडि ह्रस्व-दीर्घ इकार हुने शब्द	१-२
२. पछाडि दीर्घ 'ऊ' कार हुने शब्द	३
३. कुनै नियमले काट्न नसक्ने २ विशेष नियम	४
४. अगाडि र बीचमा दीर्घ हुने शब्द	५-१०

वर्ण-प्रकरण

नेपाली

१. 'ट, त' का विशेष नियम	११-१२
२. मूर्धन्य 'ट' वर्ग हुने शब्द	१२-१३
३. दन्ते 'त' हुने शब्द	१३-१४

संस्कृत

१. 'श, ष, स' विचार	१४-१७
२. 'ब, व' विचार	१७
३. 'ण, न' विचार	१८

शब्द-प्रकरण

नेपाली

१. शिरविन्दु (ं) र चन्द्रविन्दु (ँ)	१९
२. पदयोग र पदवियोग	१९-२०

संस्कृत

१. तद्धितान्त	२१-२२
२. 'ता' र 'त्व' प्रत्यय कहाँ लाग्छ ?	२२
३. 'ता', 'त्व' प्रत्यय राम्रो हुने शब्द	२३
४. भावनाउँको विशेषणरूप	२३-२५

annath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. पछाडि हल् (्) हुने शब्द — २५
६. विसर्ग (:) हुने शब्द — २५
७. खट्किन जाने केही शब्द — २६–२७

परिशिष्ट [क]

१. पुलिङ्गको स्त्रीलिङ्गरूप — २७–२८
२. विशेष ध्यान दिनुपर्ने कुरा — २८–३०
३. सन्धि (स्वर, व्यञ्जन, इ०) — ३०–३३
४. विविध सम्बन्धी र बराबर भूल हुने शब्द–सूची — ३३–३४

परिशिष्ट [ख]

१. चिन्ह–विचार (पादविराम, अर्द्ध विराम, इ०) — ३४–४०

परिशिष्ट [ग]

१. प्रूफ संशोधन — ४१

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाँचौं संस्करणको भूमिका

यो संस्करणमा अझ बढता सजिलो तुल्याउने उपायको निम्ति अझ पूरा अन्वेषण गरी अझ अपवाद र द्रष्टव्यहरु घटाई गिदीले समाउने तथा संझनामा टँसाउने कोशिश गरिएको छ। यद्यपि विषय थपिएर केही नियम बढेका छन्, तर पृष्ठ र कठिनाई बढ्न नदिईकन झन् ज्यास्ती सज़िलो तुल्याइएको छ।

मेरो "सात घण्टा" को परिभाषा हो दिनको १ घण्टाको दरले ७ दिन। मध्यम प्रतिभा र स्मरण–शक्ति भएका मानिसलाइ दिनको आधा घण्टाको दरले १४ दिनको पाठ्य--क्रम (कोर्स) गर्नु वेस छ। दिनको १५ मिनेटको दरले २८ दिनसम्म पढेमा साधारण मानिसले पनि सजिलोसित सफलता प्राप्त गर्नसक्तछन्। दिनको आधा घण्टा वा १५ मिनेटमात्रको दरले पढ्नु सबैको लागि, झन् वेस छ।

सन्धि, समास, उपसर्ग, प्रत्यय केही पनि नलागेका एक्ला मूल शब्दलाइ मात्र लिएर नियम बाँधेको छु। तर कुनै–कुनै शब्द संस्कृतको नियमले उपसर्ग वा प्रत्यय लागेकै भएपनि केही नलागेको जस्तो देखिने शब्दलाइ उपसर्ग वा प्रत्यय केही नभएकै मानेको छु किनभने उपसर्ग वा प्रत्यय झिकिदिएकोमा त्यस्ता शब्द भाषामा चल्न पनि सक्तैनन्।

अन्त्यमा म भतिजा श्री राममान सिंह प्रधानलाइ हार्दिक धन्यवाद दिन्छु : शब्द केलाउने भारी झंझटको काममा बड़ो ध्यान दिई तिनले मलाइ पूर्ण सहायता दिएका छन्। उनको म ऋणी छु।

२७, वैशाख, '०१५।

—हृदयचन्द्र सिंह

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिक्षकप्रति निवेदन

कण्ठ गरिने विषय चाँडै नै बिर्सेर पनि जान्छ : स्थायी बोधको निम्ति वरु बुझ्न गाह्रो विषय नै वेस ठान्दछु । यसैले युक्ति वा सूत्र सजिलो भएरपनि "यहाँसम्म" भनेर खालि चिन्ह लाइदिएर नपुग्ने गरी शिक्षकहरुको निम्ति "बुझाइदिनु पर्ने" भारी थाप्लोमा बोकाइदिएको छु । यसकारण घोकाउनुभन्दा राम्रो बुझाइदिनुहोला भन्ने मेरो निवेदन छ । पाठैपीछे अभ्यास गराई दिन–दिनै खूब कसरत गराउनुहोला भन्ने पनि म अनुरोध गर्छु । अभ्यासको ज्यादै जरूरत भएको र शिक्षक महोदयलाइ सुविस्ता होस् भन्ने विचारले अन्त्यमा अभ्यास–पाठ हालिदिएको छु । त्यसभन्दा पनि अझ बढी अभ्यास गराई विद्यार्थीहरुका संझनामा टँसाई दिनुहोला भन्ने आशा गर्दछु ।

—लेखक

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ह्रस्व--दीर्घ--प्रकरण

पछाडि ह्रस्व-दीर्घ इकार हुने शब्द

"'नी' थपी नस्त्री मान्छे, देवादि ह्रस्व"

१. प्राणी बुझाउने शब्दमा 'नी' थपेर स्वास्नीवाचक शब्द नबन्ने, अनि भालेको लागि मात्रै व्यवहार हुने मान्छे वा देव आदि शब्द ह्रस्व[1]:- नाति ('नाति' की स्वास्नी 'नातिनी' हुंदैन), भाइ, दाइ, जुवाइँ, पोइ, पति, ऋषि, मुनि, कवि, वालि, पाणिनि, हरि, धन्वन्तरि, रवि, शनि, इ० (अपवाद—शशी)। १

"'इ', ठां-वेला झल्कनं, आकार ठां ह्रस्व 'बनोट'"

२. बनौटो शब्दमा स्वर 'इ'वाला, ठाउँ-वेला झल्कने तथा आकार गर्दा ठाउँको अर्थ हुनजाने शब्द ह्रस्व[2] :—लेखाइ ('लेख' बाट बनेको), हँसाइ ('हाँस'), भलाइ ('भलो'), लमाइ ('लामो'), रजाइँ (राजा), मुर्ख्याइँ ('मूर्ख'); हेराइ, गराइ, अगाडि, ('अगि' बाट बनेको), पछाडि ('पछि'), वर्सेनि ('वर्ष'), कति('को'बाट बनेको,आकार गर्दा 'कता')त्यति('त्यो–त्यता'),२

[1]द्रष्टव्य : चन्द्रविन्दु भएमा बनौटो–नबनौटो सबै ह्रस्वः—बुब्वाइँ, म्याइँ, फुइँ, टाइँटुइँ, इ०

"न, जीव-गुण-वस्तु-बनोट ति, धि, पि ह्रस्व"

३. 'ति, धि, पि' अन्त्येवाला शब्दमा न चीज, न गुण, न प्राणी, न बनौटो भएमा ह्रस्व[3]:—भाँटि, थिति, जुक्ति, फुर्ति,

---

[1]अरू दीर्घः—सन्धी, काजी, धोबी, साथी, साछी, स्वामी, दिदी, सती, हाती, खसी, तिमी, कोही, उनी, । इ०

[2]अरू दीर्घः—बस्ती ('बस्नु' बाट बनेको), गरीबी (गरीब+ई), भर्ती ('भर्ना'), सास्ती ('सासना'), चल्ती ('चलन'), गल्ती ('गलत'), चुक्ती ('चुक्नु'), डँकैती ('डाँकू'), खलखलती ('खलखल'), साम्बन्धी ('सम्बन्ध'), शिल्पी ('शिल्प'), खोकी ('खोक्नु'), हँसी ('हाँस्नु'), मित्यारी ('मीत'), यसरी ('यसो'), त्यस्तरी ('त्यस्तो'), सरसरी ('सरसर'), पिताजी ('पिता+जी'), दाजी ('दाइ+जी'), इ०

[3]अरू दीर्घः—कागती, हाती, सती, ज्यास्ती, चल्ती, गिन्ती, औधी, आँधी, कापी, खापी, इ०

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जाति, सन्निति, नियुक्ति, प्राप्ति, क्रान्ति, मति; सन्धि, विधि अवधि, समाधि; लिपि, अद्यापि,(अपवाद—कुश्ती, अर्ती, फजिती)।३

द्रष्टव्य : यदि एउटै नभईकन विभिन्न वस्तु वा प्राणी बोध हुने भए ह्रस्वः—सम्पत्ति, वनस्पति, औषधि, व्यक्ति, सन्तति, इ०

" नठेठं शरीरं-भावं द्विवर्णं ह्रस्व "

४. चीज बुझाउने र २ अक्षरे शब्दमा साधारणतः ठेठ बोलचाल वा घरेलु व्यवहारमा प्रायः नआउने शरीर सम्बन्धी र भाववाचक नवनौटो शब्द ह्रस्व[1]:—कटि, नाभि, अस्थि, दृष्टि, पाणि; त्रुटि, वृष्टि, सृष्टि, पुष्टि, कृषि, शान्ति, भ्रान्ति, हानि, ग्लानि, रुचि, बलि, ध्वनि, त्राहि, इ० । (अपवाद—वाणी । ४

" ठां-वेला झल्कनं विभक्ति नलाग ह्रस्व "

५. ठाउँ–वेला झल्कने[2] शब्द र एक्लै शब्दमा 'ले, लाइ, को, मा' इत्यादि कुनै विभक्ति वा कुनै चिह्न जोडिन नसक्ने र कहिल्यै पनि रूप नबदल्ने यस्ता नवनौटो शब्द ह्रस्वः—(ठाउँ-वेला झल्कने) अगाडि, पछाडि, माथि, पारि, वरिपरि, पछि; राति, रात्रि, भोलि, अस्ति, वर्सेनि; (अरू) अनि, पनि, फेरि, नि, कि, किनकि, कुन्नि, चोटि,[3] खेरि, चाहिं, देखि, पट्टि, ('तिर'को अर्थमा) सितिमिति, एक्कासि, अचाक्लि, हाइहाइ, वाबैनि, इ०(अपवाद–रजनी) । ५

उपर्युक्त सूत्र बाहेक क्रियापद लागायत अरू सम्पूर्ण शब्द दीर्घः—(स्त्रीक्रिया) रोई, हाँसी; (पूर्वक्रिया) भनी, गई, खाई, लाई, जाँची-बुझी; वासी, स्थायी, निजामती, आगामी, जिन्दगी, आम्दानी प्रणाली, परिपाटी, बधाई, (अपवाद—अति, कोटि, सुरभि) । इ०

---

[1]अरू दीर्घः—झोली, लट्ठी, कौसी, टोपी, कसौंडी, तरकारी, छुरी, आँधी;(अपवाद–अग्नि, मणि,दधि);खुशी, राजी, खिसी, हिसी,गाली,इ०

[2]खास ठाउँ र खास दिन भए दीर्घः—काशी, पनौती, बेसी, (अपवाद–गिरि); औंसी, चौथी, इ०

[3]खालि 'चोटि' शब्दमा केही जोड्न सकिन्दैन, तर 'एकचोटि' यसरी जोड़िएमा मात्र विभक्ति जोड्न सकिन्छ; जस्तैः—एक–चोटिलाइ; त्यस्तै आउँदाखेरिको, त्योचाहिंमा, एकबाजिले, इ०

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पछाडि दीर्घ 'ऊ' कार हुने शब्द

" मान्छेपोथी, छिवनोटं, 'ओ-उ' एकं दीर्घ "

१. मान्छेपोथी, २ अक्षरे वनोट शब्द र एकै अर्थमा 'ओ-उ' कार दुवै हुने शब्दः—(मा. पो.) फुपू, सासू, बधू, आमाज्यू, (२ वनोट) चालू ('चल्नु' बाट बनेको), लागू ('लाग्नु') अरू ('अर्को') फाल्टू ('फाल्नु'), जात्रू ('जात्रा'), कान्छू ('कान्छा'); (ओ-उ) लामो-लामू, आफ्नो--आफ्नू, पुरानो-पुरानू, इ० । ६

" डबलं, 'म, य्' युक्तं दीर्घ "

२. डबल वर्ण वाला र 'म' वा 'य्' जोड़िएका शब्दः—लड्डू, चक्कू, उल्लू, रफ्फू, लम्फू; हलम्वू, जम्बू, स्वयम्भू; पन्यू, ज्यू, स्टाच्यू, इ० । ७

अपवाद— रज्यु, दस्यु

द्रष्टव्य : 'यू' सित जोडिएका ठेट नेपाली र अंग्रेजी शब्द त जहाँको पनि दीर्घः— च्यूरा, प्यूठान, प्यूठ, च्यूली; ड्यूटी, ट्यूशन, साल्यूट ।

" विधि, एकाक्षर, 'ज, व' अन्त्य दीर्घ "

३. प्रश्न वा हुकूम इत्यादि विधि अर्थका शब्द, एकाक्षरी नाम शब्द र मध्य-अन्त्य 'ज, व' वाला निर्जीव शब्दः—ज़ाऊँ ?, बसूँ ?; भन्नू, गर्नू; चूँ, हूँ, भू, लू; बाजू, रुजू, काबू, खुशबू, आबरू, इ० । ८

उपर्युक्त नियमहरुवाहेक अरू सबै उकारान्त शब्द ह्रस्व हुन्छन् ।[1]

---

[1] बाबु, आँसु, चाकु, मासु, दाजु, गोरु, ह्याउ, धेनु, अणु, कटु, मधु, पशु, आयु, साधु, गुरु, जिज्ञासु, पिपासु, भाजु, गुभाजु, ज्यापु, इ०

अपवाद—आफू, साहू, टापू, शुरू, जादू ।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै नियमले काट्न नसक्ने २ विशेष नियम

"'नि, वि' त्रिवर्ण सर्व ह्रस्व"

१—३ अक्षरे शब्दका अगिल्ला 'नि' तथा 'वि' सबै नियमको विरुद्ध ह्रस्व हुन्छन् :— (नि) नियम, निकट, निर्बल, निर्माण, निर्णय, निश्चय, निराश[1]; (वि) विषय, विस्मय, विज्ञान, विजय विशाल, विकास, विपत्ति। इ० ६

अपवाद—नीलम, नीहार, नीयत।

"'अ' अन्त्य वनोट मध्य 'ई' दीर्घ—'क, त, म' ह्रस्व"

२—वनौटा शब्दमा 'इक, इत, इम' वाला भए ह्रस्व हुन्छन, यी बाहेक सबै आकारान्त वनौटा शब्दका मध्य 'ई' दीर्घ :—

(इक) लौकिक ('लोक' बाट बनेको), मौखिक ('मुख') प्रान्तिक ('प्रान्त'), प्रमाणिक ('प्रमाण'); (इत) पतित ('पतन'), गणित ('गणना'), परिचित ('परिचय'); (इम) अन्तिम('अन्त'), आदिम ('आदि')। इ० १०

अरू सबै— शास्त्रीय ('शास्त्र' बाट बनेको), द्वितीय ('द्वित') [द्वितीया, तृतीया 'द्वितीय, तृतीय' कै स्त्रीलिङ्ग मात्र हुन्], 'उदासीन' (उदास), ग्रामीण ('ग्राम') दयनीय('दया'), रमणीय ('रमण'), कुलीन ('कुल'), प्रातःकालीन ('प्रातःकाल'), स्पष्टीकरण, नेपालीकरण, मैत्रीकरण, औद्योगीकरण इ०

द्रष्टव्य : यदि 'नी, णी, ग्र' वाला भएर दुई 'इ' कार वा 'रेफ, रकार' वाला वनौटो शब्द भए 'इत' वाला भएपनि दीर्घ हुन्छ :— विनीत, अभिनीत, निर्णीत, प्रणीत, संगृहीत, अनुगृहीत,। इ०

---

[1] 'र' जात पूर्वका निषेध बुझाउने 'नी' र 'नीर' शब्दबाट बनेका शब्दमा 'नी' दीर्घ हुन्छ:— रस- नीरस, रोग-नीरोग; नीरद, नीरज, इ०।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अगाडि र बीचमा दीर्घ हुने शब्द

" फलंफूलं, खनिजं, चूर्णं, एकजातं द्विवर्णं दीर्घं "

१. फल्ने–फुल्ने वा खनिज वस्तु, चूर्ण चीज र एक जातका वर्णवाला २ अक्षरे शब्दका अगिल्ला वर्ण अरू नियमको विरुद्ध पनि दीर्घः— बूटो, बूटी, मूगी, लीची, वीयाँ, सीमी, मूला, जूही, दूबो; मूगा, हीरा; पीठो, चीनी, धूलो, पीना, बीड़ी; शीशा, शीशी, सीसा, इ० ।११

अपवाद— चिया, टुसा ।

" 'ओ-आ' कार द्विवर्णं दीर्घं—'ज, ट' "

२. ओकार-आकार हुँदा चीज र गुणै अर्को भई माने फरक नहुने २ अक्षरे शब्द प्रायः दीर्घ :— ठूलो–ठूला, गीलो–गीला, तीखो–तीखा, मूसो–मूसा, चूलो–चूला, सीतो–सीता,[1] इ० । १२

द्रष्टव्य : 'ज,ट' जात अन्त्यवाला भए ह्रस्व :— गिजो–गिजा, मुजो–मुजा, सिटो–सिटा, ठिटो–ठिटा, टुटो–टुटा, इ०

" आदि 'त, ता', आदि 'अ' युक्तं वनोटं दीर्घं "

३. अगाड़ि 'त,ता' वाला शब्द र अगाड़ि 'अ' वाला बनौटा शब्दः— तस्वीर, तजवीज, तकदीर, तकलीफ, तहसील, तहबील; तारीफ़, तालीम, तारीख, तासीर; अबूझ, अटूट, अचूक, अछूत, अधूरा, अपूरो, अपूता, इ० १३

" 'ट' वर्ग द्विवर्णं, 'ज्यू, जीवनं' 'जी' दीर्घं "

४. केवल आकारान्त मात्र हुने 'ट' वर्गवाला दुई अक्षरे र 'ज्यू' वा 'जीवन' सम्बन्धी 'जी':—टीका, वीणी, पीडा, चूडा; जीउ, जीउनी, जीव, जीवन, जीवनी, जीवात, जीविका, इ० । १४

" 'अ-ति' कारान्त, संयुक्त रेफ दीर्घं—'दु, नि' द्विवर्ण 'उ' "

५. प्रायः 'अ' कारान्त, 'ति'कारान्त र संयुक्त शब्द भए रेफ-

---

[1] कुरो (काँढा विशेष), कुरा (बोली), पिरो (स्वाद विशेष) पिरा (बस्ने चीज), इत्यादि चीजै फरक भएका शब्द हुनाले ह्रस्व हुन्छन् ।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्व दीर्घः– सूर्य, पूर्व, पूर्ण, मूर्ख, जीर्ण, कीर्तन, आशीर्वाद, शीर्षक; मूर्ति, पूर्ति, कीर्ति; सम्पूर्ण, ईर्ष्या, मूर्च्छा, इ० । १५

अपवाद— सुर्ती ।

द्रष्टव्य : रेफ पूर्व 'दु,नि' भएमा र द्विबढी उकारवाला शब्द भएमा ह्रस्व :— दुर्गा, प्रादुर्भाव; निर्मल, निर्माण; फुर्सत, सुपुर्द, माधुर्य, आयुर्वेद, चतुर्थ, इ० ।

अपवाद— मुहूर्त ।

" 'प' जात पूर्वं 'ई', रकाराजन्तं त्रिमध्य दीर्घं "

६. 'प' जात पूर्वका 'इ'कार र रकार(‸)वाला ३ अक्षरे अकारान्त शब्दका मध्य वर्ण दीर्घः—दीपक, देदीप्य, दिलीप, प्रदीप्त; प्रतीक, प्रतीत, प्राचीन, ग्रामीण, सुग्रीव, प्रवीण, प्रसून, इ० । १६

अपवाद— प्रचुर ।

" 'च, त' जात पूर्वं 'सू', 'इका' पूर्वं दीर्घं "

७. ('सुत्लो, सुत्केरी' झैं हलन्तवाहेक) 'च' वा 'त' जात पूर्वका 'सू' तथा 'इका' प्रत्यय लागी बनेका शब्दका आदि वर्ण अर्थात् 'इका' पूर्वका वर्ण दीर्घः—सूची, सूचना, विसूचिका, सूतक, सूतिका, सूत्र, प्रसूति; दीपिका (दीप+इका), गीतिका (गीत+इका), जीविका(जीव+इका), विभीषिका(विभीषण+इका) इ०। १७

" मध्यं 'ष', अन्त्यं 'षा' पूर्वं त्र्यक्षरं दीर्घं "

८. ३ अक्षरे शब्दमा बिचल्ला 'ष' तथा आखिरी 'षा' पूर्व दीर्घः–भीषण, भूषण, दूषण, मूषक; मनीषा, मंजूषा, शुश्रूषा, इ०। १८

अपवाद— भिषज ।

" 'क्ष' जात पूर्व सर्वत्रं, अन्त्ये 'च, ह, श' जात पूर्वं दीर्घ "

९. 'क्ष' जात पूर्व जहाँ पनि र अन्तिम 'च,ह,श' जात पूर्व दीर्घ :— दीक्षा, परीक्षा, प्रतीक्षा, सूक्ष्म, तीक्ष्ण; मरीचि, दधीचि, निरीह, समूह, वागीश, गिरीश, इ० । १९

अपवाद— शिक्षा, भिक्षा ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

" अन्त्यं 'सा, न' स्वरं 'ई', 'न' त्र्यक्षरं आदि 'ऊ' दीर्घ "

१०. अन्त्यमा 'सा' वा 'न' छभने आडि 'इ' तथा (प्राकृतिक वस्तु होइन भने)[1] पछाड़ि 'न' वाला ३ अक्षरे शब्दको आदि 'उ'कार दीर्घः—ईसा, ईप्सा; ईशान, ईमान, ईरान; पूजन, सूदन, सूजन, नूतन, कूपन, इ० । २०

अपवाद— सदन ।

" 'भ, म' साथं 'भ' मात्रं, 'भ' जात पर संयुक्तं दीर्घ "

११. 'भ, म' जात संगैवाला शब्दमा 'भ' मात्र दीर्घ र 'भ' जात पर कुनै संयुक्त वर्ण छभने त्यस्ता शब्द पनि दीर्घः– भूमि, भूमिका, गम्भीर, कुम्भीपाक, भस्मीभूत; बीभत्स, अभीष्ट इ० २१

"मध्यं 'अ' नाइँ त्र्यक्षरं 'यं', 'मं' संयुक्त दीर्घ"

१२. 'युवक, युगल' झैं बीचमा अकार छैनभने 'य' जातवाला ३ अक्षरे नवनौटो[2] शब्द र 'म' जातसित कुनै वर्ण संयुक्त भएको छ भने त्यो शब्द पनि दीर्घः- मयूर, पीयूष, यूरोप, यूनान; ग्रीष्म, भीष्म, वाल्मीकि, मीमांसा, कूष्माण्ड, धूम्र, काश्मीर, इ० २२

" 'प, फ', अवस्तु 'न' जातं 'आ' अन्त्ये त्र्यक्षरं मध्य दीर्घ "

१३. 'प, फ' जात हुनासाथै अरू नियमको विरुद्धमा पनि तथा 'न' जातवालामा नचीज भए ३ अक्षर आकारान्त शब्दका मध्य 'इ' कार दीर्घः- पसीना, पुदीना, गंजीफा, खलीफा; नतीजा, महीना, इ० २३

" पोथी, पोथीनाम, एकजातं द्विवर्ण मध्य दीर्घ "

१४. पोथी र पोथीलाइ प्रायः नाम राखिने शब्द तथा एक जातका दुई वर्णवाला शब्दको विचल्ला 'उ' कार दीर्घः—सीता,

---

[1] सुमन, भुवन, आदि ।

[2] 'आयोग' बाट आयुक्त, नियोग–नियुक्त, चिर+आयु=चिरायु, आदि नवनौठो भएकाले ह्रस्व ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मीरा, शीतला, पूतना, गीता, लीला, प्रमीला; मालूम, कानून, जासूस, नमूना, मामूली, । इ० । २४

"संयुक्त सबै, 'ज, ब, सौं' मध्य 'ऊ' त्र्यक्षरं दीर्घ—आ, इ"

१५. संयुक्ताक्षर सबै र अगाडि 'आइ' कार छैनभने 'ज, ब; स' जातवाला ३ अक्षरे अकारान्त शब्दका बिचल्ला 'उ' कार दीर्घः—बन्दूक, सिन्दूर, कर्पूर. (कपूर पनि हुन्छ), ताम्बूल, चिद्रूप, शार्दूल, मण्डूक, फत्तूर, बब्बूल; जरूर, जुलूस, मौजूद, कबूल, सबूत, बेकूफ, असूल, कसूर, इ०। २५

अपवाद—तण्डुल, सम्मुख, जुलुम, बहुत ।

"'ङ, ञ, च क तौं' संयुक्तं ह्रस्व"

द्रष्टव्य : 'ङ, ञ, च, क, त' ज़ातवाला संयुक्त भए ह्रस्वः—चङ्गुल, अङ्कुर, अङ्कुश, मञ्जुल, इच्छुक, बिच्छुक, कन्तुर, प्रस्तुत,कुक्कुर,उत्सुक,इ०

अपवाद—अङ्गूर, लङ्गूर, दस्तूर, धत्तूर ।

"'अ, ए' औ–अ' मध्य त्र्यक्षरं दीर्घ"

१६. अगाडि 'अ, ए, औ' कार र पछाडि अकारान्त छभने त्यस्ता ३ अक्षरवाला शब्दबीचका 'इ' कार दीर्घः—करीब, नसीब, गरीब, शहीद, अपील, वकील, अतीथ, अधीन, शरीर, नवीन, समीप; मेशीन, तेरीज, शौकीन, कौपीन, मंसीर, जंजीर, तल्लीन. इ०। २६

अपवाद—अधिक, दलित, कठिन, मन्दिर, अखिल, जटिल, हरिण, सचिव, वधिर, महिष, कपिल ।

द्रष्टव्य : दिशा बुझाउने र पछाडि 'त' वाला तथा 'इक, इत, इम' इत्यादि प्रत्यय लागी बनिएका बनौटा शब्द भए ह्रस्वः—दक्षिण, पश्चिम; ललित, सहित, चरित, (इक) धनिक, (धन+इक), पथिक (पथ + इक), पतित (पतन+इत), रचित (रचना+इत), अन्तिम (अन्त+इम); इ० ।

अपवाद—अतीत, व्यतीत ।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"त्रिबढी मध्य दीर्घ—'क', 'आ', 'य, व, का, यत'"

१७. (फासफुस, हाटहुट, तुलबुल, आदि जस्ता अद्वन्द्व शब्द वाहेक) 'उ' कारमा पछाडि 'क' छैनभने[1] अनि 'इ' कारमा 'आ' वाला[2] वा पछाडि 'य, व, का, यत'[3] छैनभने ३ भन्दा बढ़ी शब्दका मध्य वर्ण दीर्घः—(उ) मजदूर, मजबूत, महसूल, मजबूर, जरूरत, हुकूमत, वावजूद, नैनसूत, आरारूत, तानपूरा, मनसूवा, खरबूजा, निरूपण, कुतूहल, (इ) भगीरथ, परीक्षण, अम्बेरीष, सरीसृप, समीचीन, नवनीत, पसमीना, गनीमत हवीगत, नसीहत, इ० २७

अपवाद — बहादुर, बिलकुल, युधिष्ठिर, अर्वाचीन।

"संयुक्तं ह्रस्व, असंयुक्तं दीर्घ द्वयं"

१८. संयुक्त र असंयुक्त दुवै चल्नेमा संयुक्त भए ह्रस्व र असंयुक्त भए दीर्घ हुन्छन् :— सुक्खा - सुखा, पिच्छे–पीछे, पिच्छा–पिछा, मुट्ठा– मूठा, पित्तल- पीतल, पिप्पल– पीपल, इ० २८

१९. 'अर' वा 'इयर' कार पूर्वको दीर्घः–(अर) लीड़र, टीचर, मीटर, स्टीमर, स्टीपर; (इयर) इन्जीनियर, सुपीरियर, इ०। २९

२०. दुई अक्षरे अकारान्त शब्द अरूभन्दा विशेष ध्वनिले नै ह्रस्व-दीर्घ छुट्याउँछ : अगिल्लो पूरा दीर्घ र पछिल्लो पूरा हलन्त (्) जस्तो उच्चारण नगरेमा प्रष्ट बोध नभई केकेन जस्तो लाग्ने दीर्घ; पछिल्लो झन्डै हलन्तै उच्चारण भएपनि अगिल्लो ह्रस्व उच्चारण हुँदा केकेन जस्तो नलागी प्रष्ट बोध हुने र कदाचित् दीर्घ उच्चारण गर्दा प्रश्न भाव वा अर्कै केही भाव झल्कन जाने शब्द ह्रस्व हुन्छन्:— ३०

(दीर्घ) ईख, खीर, नींद, चीज, जीव, क्षीण, वीर, नून, धूम, सूद, सूझ, शूल, दूत, इ०।

---

[1] आगन्तुक, तमसुक, जागरुक, इ० ज़स्ता।

[2] आधुनिक, अजामिल, इतिहास, इ० जस्ता।

[3] कतिपय, परिचय, अभिनय, यवनिका, कैफियत, शिकायत, इ० जस्ता।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ह्रस्व) किन, छिन, बिख, निर, (नजीक) कित, हित, हिम, तिल, शिव, शिर, छुक, थुन, फुल, (चराको) शुभ, युग, इ० ।

२१. गाँसुवा भएर होस् वा नभईकन होस् बोल्दा दुई झोक्का पर्ने अर्थात् आवाज अडिने मध्य-ई-ऊ कार वर्ण र प्रायः त्रिवर्णी अकारान्त प्राणी शब्दका बिचल्ला 'इ,उ'कार दीर्घः-गोलीगाँठो, स्वाखीमान्छे, नटीकुटी, सिरीखुरी, चिल्लीबिल्ली, छुट्टीछाट्टी, झिटीमिटी, बाजीमाथ, चरीअमिलो, कालीज्यामिर, वसीवियाँलो, साहूभाइ, आलूबखड़ा, साबूदाना; खरीदार, सूचीकार, जिमीदार, धमरधूस, इ० । ३१

द्रष्टव्य : प्राणीसित निर्जीव शब्द गाँसिएर सम्बन्धी अर्थ आएमा ह्रस्व हुन्छ; अनि कुनै स्वतन्त्र शब्दसित कुनै अरू शब्द मिलेर गाँसुवा हुँदा त्यसको ह्रस्व-दीर्घ आफ्नै स्वतन्त्ररूपमा हुन्छः-गाइगोठ, गाइतिहार, मखिबुट्टा; बुद्धिचाल, भोलिपल्ट, मानुमुठी; जूनकीरी, रूखासूखा, ठीकठाक, पूरापूर, इ०

२२. मध्य-अन्त 'ट' वाला क्रियालु शब्द र आदि वर्ण आकारवाला द्वन्द्व शब्द दीर्घः--पीटपाट, पाटपीट, लूटलाट, काटकूट, कूटपीट; छानबीन, बातचीत, हारालूछ, छातहुत, इ०। ३२

अपवाद—राजीव, शीतल, पूरा, शून्य, तूफ़ान, स्रीकर, पूरी, नीति स्वीकार, मूलक, सीमा, शूद्र, जागीर, धीवर, शूली, रीति, फानूस, शूकर, लूतो, तीव्र, बारूद, ईश्वर, फूलो, प्रीति, तूणीर, हीरक, बीमा, शीघ्र, पीनास, मूत्र, धतूरो, पूंजी ।

नूपुर, बूता, सूबेदार,

बीचमा मात्र दीर्घ भएका अपवाद शब्दः—

मुजूर, निशीथ, उलूक, मिहीन, धुरीण ।

उपर्युक्त नियमहरुबाहेक अरू सबै ह्रस्व हुन्छन् ।

ह्रस्व-दीर्घ दुवै हुनसक्ने भएतापनि तल लेखिएबमोजिम ह्रस्व-दीर्घमा मान्यता पाउने केही शब्दहरु:—

ह्रस्व—भूमि, रात्रि, अवनि, श्रोणि, आवलि (दीपावलि), अञ्जलि (पुष्पाञ्जलि), हरु, लाइ ।

दीर्घ—श्रेणी, किंवदन्ती, यूसर, चम्पू, सीत्कार ।

annath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्ण–प्रकरण

नेपाली

'ट,त' का विशेष नियम

१. मूल शब्दबमोजिम बनौटो वा तद्भव हुँदा पनि सोही जातको वर्ण हुन्छ, अनि बीचमा 'आ-ओ–औ' कारवाला अकारान्त शब्द र औकारवाला प्राणीवाचक वा विशेषण शब्द मूर्धन्य हुन्छन्, यी बाहेक अरू सबै बनौटे शब्दमा 'त' जात हुन्छ :— कट्टा (काट्नु), सट्टा (साट्नु), चटनी (चाट्नु), भत्ता वा भताहा (भात), चेतावनी (चेतना), दाँत (दन्त), सन्ते (सत्य), फत्ते (फतेह), अँध्यारो (अन्धकार); बनावट, देखावट, बुनोट, चुनोट, ढलौट, बनौट, तमौटे, चुरौटे, छनौटा, बलौटो (अरू सबै) आवत, जावत, डुलन्ते, ल्याइते, बक्यौता (बाँकी), सम्झौता (संझनु), उठती, डकैती, आफन्त, लड़न्त, इ० । ३३

अपवाद— कहावत, कमौत; मस्यैटो ('मास' वा 'मस्याङ' बाट बनेको) ।

२. अनुस्वारको उच्चारण 'म' भएमा र अनुस्वार वा चन्द्रबिन्दुवाला पदका अगिल्ला वर्ण दन्ते हुन्छन्, यी बाहेक अरू सबै अनुस्वार र चन्द्रबिन्दुवाला शब्द मूर्धन्यः— तंसिनु, दुंसी, धुंसाखान, तुवाँलो, दशौंद, धनियां; (अरू सबै) रिंगटा, लँगौटी, ढाँचा, टुँडिखेल, ड़ाँकू, काँढा, ड़ाँडा, इ० । ३४

अपवाद—भाँति, करौंती, गोंथली, गौंत ।

द्रष्टव्य : 'चाँड़ो, काँढा' इत्यादि झैं 'ड, ढ' को उच्चारण 'र' जस्तो नभएमा दन्ते हुन्छ :—साँध, काँध, बाँध, पिंध, चाँदी ।

३. 'अ' कारको पर द्वित्व (ड़बल) वर्ण भएमा मूर्धन्य 'ट',

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अरू प्रायः सबै वर्णको पर दन्ते 'त' जात हुन्छ :—(अ) कट्टू, चट्टा, चट्ट, भट्ट, पट्टू, पट्टाइ, बट्टा; ('इ') फित्ता, भित्ता, चित्ता, पित्त, रित्तो, फुत्त, सुत्त, स्वात्त, इ० । ३५

अपवाद—कत्तल, बत्ती, सत्तू, बत्तू ।

४. पछाडि 'ल' जात भएमा र 'पात' र 'पोत्नु' सम्बन्धी शब्द भएमा शुरूका 'प' जात पर दन्ते 'त' जात हुन्छ, यी बाहेक शुरूका 'प' जात पर प्रायः 'ट' जात हुन्छः—पुतली, पाताल, पैतालो; पात, पत्ता, पाती, पतिङ्गर, पोतनु, पोतो; पेट, पट्टी, पटाउनु; पटाङ्गिनी, पिट्नु, पोट, इ० । ३६

अपवाद—पतिया, पता, पत्यार, पत्थर, पात्तिनु, पातो, पोता, पोते, पुतुवार,

मूर्धन्य अर्थात् 'ट' वर्ग (ट ठ ड ढ) हुने शब्द

१. ('त्वार्र, ध्वार्र' इत्यादि 'र' जातवाला पानीको आवाज बाहेक) प्रायः आवाज बुझाउने र द्वन्द्वभाव किसिमका शब्द :—टिकटिक, डम्याम्म, ढ्याङ्ग्राङ्ग, डगमग, टापटिप, टिमटाम, टालटुल, ठाकठुक, टाइँटुइँ, इ० । ३७

अपवाद—धाय्धाय्, पितितिती, तलतल ।

२. अङ्ग-प्रत्यङ्ग आदि शरीर र स्वभाव सम्बन्धी शब्द र लिङ्ग-वचन अनुसार 'ओ-आ-ई' कार भएपनि ओकार प्रधान शब्द प्रायः मूर्धन्य हुन्छनः—छ्याकटे, च्यान्टा, पुड्को, नाइटो, बाठो, लाटो (लाटा-लाटी), छोटो, मोटो, (मोटा-मोटी), बाटो, माटो, लोहटा (लोहटी), एउटा (एउटी), इ० ३८

अपवाद—सेतो, तीतो ।

द्रष्टव्य : प्राणी बुझाउने र 'स' संयुक्तवाला भए 'आ, ई, ओ' कारान्त र साधारणतः अनुस्वार वा चन्द्रविन्दु नभएका शब्द भएमा 'ओ' कारान्तवाला मात्र अनि 'आ-ओ' कार दुवै हुने भएपनि चल्तीमा

annath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकारान्त शब्द 'त' जातका हुन्छन्:— दाता, कर्ता, सौता, सीता, सती, पति, हाती, जाति, निजामती, भ्यागुतो; आयस्ता, रस्ता, वस्ता, ज़स्ता, सस्तो; पछुतो, तातो, सातो, लूतो, बोहोता, सीता, पाता, सरौता, इ०

अपवाद—कुटो, चोटा, खास्तो ।

३. २ भन्दा बढी अक्षरवाला शब्दका बीच वा छेउमा 'क, च, झ' जातमध्येको कुनै वर्ण भए सो शब्दको मध्य-अन्त्यमा 'ट' जातको वर्ण हुन्छ:—किरन्टोकी, ग़फास्टक, फुटकर, चटक, चुटकी, कंचट, सफ़ाचट, चौपट, झापट, कटनी, कटहर, कटारी, कटौरा, कर्कट, कटुस, चुरोट इ० । ३९

अपवाद—केतकी ।

द्रष्टव्य : 'क' वालोमा चाहिं शब्दको शुरूमा 'क' भएमात्र अन्त्यमा 'ट' हुन्छ, 'क' बाहेक अरू 'का, कि, कु' इत्यादि भएमा र 'क' जात बीचमा भए अन्त्यमा 'त' हुन्छ, अनि यदि अगिल्लो वर्ण 'चि' र 'र' जातवाला शब्द भए 'च' वाला भएपनि 'त' जात हुन्छ :—कंचट, कर्कट; कागत, किरात, कुतकुती, ल्याकत, बर्कत; चितुवा, चित्तल, चतुर, चतुर्थ, चौतारो, चौतरिया, इ०

अपवाद—चेटारो ।

४. अगाड़ि 'झ' जात हुनासाथै 'ठ, ड' र 'ङ' वाला शब्दमा 'ढ' जात हुन्छ:—झूठ, झडकेलो, झंडा, झाडी; ढुङ्गो, ढ्वाङ्ग, ढुङ्ग्री, ढोंग, इ० । ४०

अपवाद—भिङ्ग्यार ।

दन्ते 'त' हुने शब्द

१. प्रायः 'इत' वाला भए अन्त्यको र आदि-अन्त 'अ' वा 'आ' कार वाला शब्द भए शुरूको वर्ण 'त' जातको हुन्छ:— उचित, ललित, सहित, पतित; तक्मा, तकिया, तकरार, तकलीफ, तकदीर, तस्वीर, तारीफ, तामील, ताकिता, ताजूब, ताकत,इ० । ४१

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. 'ल, र' जात पूर्व शुरुमा तथा बीचमा 'च, भ, ओ' जात-वाला नभएमा दुईभन्दा बढी अकारान्त शब्दका अन्त्यमा 'त' जात हुन्छः—तलव, ताला, तिल, तर, तारा; तार्नु; रगत, लगत, सौगात, साइत, नीयत, इ० । ४२

अपवाद—सापट, सिल्यट; टेर्नु, टर्नु, टालो, टोल, टलक, टार, टर्रो, टुर्रिनु ।

द्रष्टव्य : हेराइ बुझाउने शब्दमा 'ल' पूर्व 'ट' हुन्छः—टोलाउनु, टुलुटुलु, टवाल्ल, इ० ।

संस्कृत

[१] 'श, ष, स' विचार

१. 'क' जातिसंग र 'द, दे' पर 'श' हुन्छः—कुश, कुशल, काशी, केशव, प्रकाश, शुक्र, शुक्ल, शक्ति, शोक, शकुंतला; दशरथ, दश, दर्शन, दशा, आदर्श, देश, उपदेश, उपदंश, इ० । ४३

अपवाद—कुसुम, सकल, उत्सुक ।

द्रष्टव्य : 'क' को पूर्व संयुक्त भएमा 'श' नभईकन नियम ६ बमोजिम हुन्छ

२. ('सुशील, सुसम्बन्ध' आदि झैं 'सु' अगाड़िवाला बाहेक) शब्दको शुरुवाट दुई 'स' संगै आए दुवै 'श' जाति हुन्छः—शशधर, शशाङ्क, शशी, शाश्वत, शिशिर, शैशव, इ० । ४४

अपवाद—शासन ।

द्रष्टव्य : यदि बीचबाट शुरू भए पछिलो 'श' अनि 'स' जाति हुन्छः—प्रशंसा, नृशंस, प्रशस्ति, विश्वास, इ० ।

३. विसर्गवाला र 'य' शुरूवाला वा शुरू 'य' मा मिलिएको शब्दमा 'श' जाति हुन्छः—क्रमशः, अक्षरशः, प्रायशः; यश, यशोदा, यशोधरा, यशस्वी; श्याम, श्याल, इ० । ४५

४. स्वर 'इ' पर र 'आसन, आस्था' आदि झैं 'त थ द ध न'

annath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जातिसंगै भएनभने नाङ्गो 'आ' को पर पनि 'श' जाति हुन्छः-
ईश, ईशान, ईश्वर, आशा, आशिष, आशीर्वाद, आशु, आशय, आश्रय, इ० । ४६

अपवाद—आषाढ, आसुरी ।

५. 'इ' कार र 'न' जात हुनासाथै दुई अक्षरे, अनि युक्ताक्षर नहुनासाथै 'प, पा, पि' शुरूवाला शब्दमा 'श' जाति हुन्छः— राशि, रश्मि, निशि, निश, निशा, दिशा, विश्व, नाश, प्रश्न, शनि, शान्त, शून्य, श्वान; पशु, पराशर, पाश, पिशाच, इ० । ४७

अपवाद—न्यास ।

द्रष्टव्य : 'ऋ' कार वालामा 'प' र 'इ' कारवाला युक्ताक्षर भए 'ट' वा 'त' वर्गवाला भए अनुसारै 'ष, स' हुन्छः- ऋषि, कृषि, सृष्टि, स्वस्ति, अस्थि, नास्ति; विष्ठा, विष्णु, इ० ।

६. 'अ, आ' कार पर 'स', त्यसदेखि पर र रेफवाला वर्ण 'ष' जाति हुन्छः- इ० । ४८

'अ, आ'— मानस, दिवस, अवसर, वसन्त, नमस्कार, भास्कर, आसन, अवसान, वास, वास्प, ज्योत्सना, लिप्सा, इ० ।

अपवाद— वश, प्राशन, अभिलाषा, कल्मष ।

'अ, आ' बाहेक—औषधि, पीयूष, निषेध, मनीषी, उषा, मानुष, रोष, भेषज, निमेष, शेष, ऋषि, कृषि, आविष्कार, मस्तिष्क, पुष्कर, पुष्प, पौष; वर्ष, वर्षा, आकर्षण, इ० ।

अपवाद—लेश, विशद, विशाल, विशेषण ।

द्रष्टव्य : (क) 'वे, वै' पर, 'प, द' वाला रेफ मुनिको पदमा बीचको 'व' मा र 'व' संगको 'य' मा. अनि 'र, ल, च, छ' ज़ातिसित 'श' वा 'श' मिसिएको हुन्छः—प्रवेश, अधिवेशन, वैशाख, परामर्श, स्पर्श, आदर्श, दर्शन; विश्वास, ईश्वर, आश्वासन, अवश्य, आवश्यक, श्रम[1], आश्रम,

---

[1]नहाउ अर्थात्, बग्ने भावको भए दन्ते हुन्छः– स्राव, स्रोत इ० ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रेय, श्लाघा, अश्लील, आश्चर्य, पश्चात्, निश्छल, इ० ।

अपवाद— अनुस्वार ।

(ख) बोली वा कथन अर्थको शब्दमा 'अ, आ' पर 'ष' जाति र शुरूमा 'वि,नि,दु, अनु' भएर 'र' वाला शब्द भएमा 'स' जाति हुन्छ:— भाषा, भाषण, परिभाषा, सुभाष, विभाषी, विसर्ग, विसर्जन, विस्तार, निस्तार, दुस्तर, अनुसरण, अनुसार, इ० ।

(ग) 'ट,ठ' सित, 'ष' 'त,थ' सित, 'स' जोडिन्छ:- 'ट, ठ'—कष्ट, नष्ट, काष्ठा, 'त, थ'- व्यस्त, पुस्तक, कौस्तुभ, स्वास्थ्य, इ० ।

७. ('शंभु, शंख, शंकर' आदि मूर्तिमान नाम शब्दबाहेक) अनुस्वारवाला 'सं' र शुरूको आधा 'स' (स्)[1] 'स' जातिमा हुन्छन्:— इ० । ४६

(सं) संकट, संकलन, संकेत, संतोष, संयोग; संहार, संस्था, सम्बन्ध, इ०

अपवाद— शंका ।

(आधा'स')—स्व, स्वप्न, स्वामी, स्तम्भ, स्नेह, स्पर्धा, स्मरण, इ० ।

अपवाद— श्मशान, श्वेत, श्वास ।

द्रष्टव्य : अनुस्वारवाला वर्णको पर पनि प्रायः 'स' जाति नै हुन्छ:— हंस, कंस, ध्वंस, मांस, हिंसा, संसार, प्रशंसा, नृशंस, इ० ।

अपवाद-- शंशय, अंश ।

'श,स' का अर्को छोटकरी विचार

'द' पूर्व 'स' मा अप०—शुद्ध, शूद्र, श्रद्धा, श्राद्ध ।

'ध' पूर्व 'स' मा अप०—शोधन ।

'न' पूर्व 'स' मा अप०— शनि, शान्त, शून्य ।

'प' " " " ०— शपथ, शाप, श्राप ।

'ब' " " " ०-- शब्द ।

---

[1] 'य,ल' अगाडिको होइन:— श्याम, श्लेष ।

annath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'म' " " " ०– शम, शमन ।

'र' " " " ०–शर,शरण, शरद, शरीर,शिर. शारदा,शीर्ष,शीर्ण ।

'ख' पूर्व 'श' मा अप०– संखा, संख्या, सुख ।

'ङ' पूर्व 'स' मा अप०– शङ्कर, शङ्का, शङ्क, शङ्ख ।

'ल' पूर्व 'श' मा अप० – सुलभ ।

'ज' पूर्व प्रायः 'स' हुन्छ; 'श' आउँदैन ।

'ग' र 'ङ्ग' पूर्व प्रायः 'शृ' हुन्छ 'सृ' हुंदैन ।

[२] 'ब, व' विचार

१. (विधि, वैधव्य, वर्धन, वृद्धहरु झैं 'वि, वै, रैफ, ऋकार' बाहेक) अहलन्त 'ध, ल, ह्म, हु' जात हुनासाथै सबै नियमको विरुद्ध शुरूमा र उकार भएमा 'व' जात हुन्छ :— (ध) वध, वधिर, वाधा, वधू, वन्धु, वन्धन, वुद्धि, वोध; (ल) वल, वालि, वाल, वाल्य ('वालक' को वनौटो हो), वालक; (ह्म) व्रह्म, व्रह्मा, व्राह्मण; (हु) वहु, वाहु; वुवुक्षा, इ० ।

द्रष्टव्य : 'म' झुन्डिएमा र हलन्त भएमा अथवा 'ध' वाला शब्द होभने वीचमा पनि 'व्र' जात हुन्छ; तर 'ध' नभएको शब्दमा आधा 'म' (म्) पूर्व 'स' छ र 'य' मा झुन्डिएको होभने 'व' ज़ात हुन्छः— (म्) चुम्बक, कुटुम्ब, अम्बिका, (ब्)शब्द, क्षुब्ध, शताब्दी, ('ध'वाला) सम्बन्ध, सम्बोधन, निबन्ध; ('स' पूर्णवाला) सम्वत्, सम्वाद, सम्वेदना; ('य' मा संयुक्त) काव्य, कर्त्तव्य, मन्तव्य, इ० ।

उपर्युक्त नियमबाहेक अरू सबै ठाउँमा 'व' जातमात्र हुन्छः– वीर, विजय, वीणा, वैकुण्ठ, वैद्य, वन, वर, वस्तु, वाल्मीकि, वल्कल, वेग, वेणु, व्यवहार; व्रत, वृत्ति, अवश्य, मानव, गौरव, प्रभाव, ध्रुव, इ० ।

अपवाद— वीभत्स, वीजक ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[३] 'ण' र 'न' विचार

१. 'ऋ, र, ष' को पर 'ण' हुन्छः–ऋण, रण, वरुण, कृष्ण, तृष्ण, चरण, शरण, प्रणाम, परिणाम, इ० ।

२. 'ऋ, र, ष' को पर, कुनै स्वर, कवर्ग, पवर्गको कुनै वर्ण, 'य,व,ह' वा अनुस्वार छभने त्यसको पर पनि 'ण' हुन्छः– कृष्ण, उत्तरायण, रामायण, रावण, ग्रहण, इ० ।

द्रष्टव्य : गमन, दक्षिणायन, उपनाम, सम्मान, मार्जन, आदि पनि यही प्रकारका 'शब्द हुन्, तर 'ऋ, र, ष' तिनमा नभएकोले 'न' को ठाउँमा 'ण' भएन ।

३. एक पदमा 'ऋ, र, ष' अन्त्यमा भएको पर र अर्को 'न' 'शुरूमा भएको पद समास भएको पदमा 'ऋ,र,ष' पर भएतापनि ण' नभईकन 'न' नै हुन्छः–नरनाथ (नर+नाथ), दुर्नाम (दुर+नाम),, दुर्नीति (दुर+नीति), इ० ।

४. संस्कृतको जुन धातुहरूमा 'ण' हुन्छ तिनबाट बनेका शब्दमा, पनि 'ण' हुंन्छः—गण, निपुण, पुण्य, गुण, मणि, इ०

(केवल "यो" 'ण, न' विचारमात्र संस्कृत व्याकरणबाट)

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द–प्रकरण

नेपाली

[१] शिरविन्दु [ं] र चन्द्रविन्दु [ँ]

१. नेपाली शब्दमा 'ल, स' जातिपूर्व वर्णमा शिरविन्दुको अर्थ वा उच्चारण प्रायः 'म' हुन्छ; (ए,ऐ,ओ,औ,इ)–वर्णमा चन्द्र-विन्दु नलागीकन प्रायः शिरविन्दु लाग्छ र शिरविन्दुको अर्थ पनि चन्द्रविन्दुको जस्तै नाके बोलीले गर्नु पर्ने हुन्छ; चन्द्रविन्दु खालि 'अ,आ,उ' कारमा मात्र लाग्छः–कंलाउनु, सुंलो, सुंलिनु; चंसुर, गुंसिनु, दुंसी, जुंसो, तंसिनु, धुंसाखान, इ० । ५०

'ए,ऐ,ओ, औ, इ':–चुलेंसी, कैंची, झोंज, कसौंड़ी, तेह्रौं, इंट, पिंध; अँगालो, अँध्यारो, हँसी, दाँत, आँखा, ऊँट, भुँडुल्को, इ० ।

द्रष्टव्य : 'न' को निंति नेपाली शब्दमा प्रायः शिरविन्दु लगाइँदैन, अगिल्लो वर्णमा नै संयुक्त हुन्छ; जस्तैः—कान्छा, मन्साय, मान्छे, सन्चो* इ० ।

२. 'न, नु' संगबाहेक प्रत्येक क्रियापदको 'उ'मा चन्द्रविन्दु हुन्छः–आउँछ, विउँझाउनु, आउँथ्यो, पलाउँछ, बिउँताउनु इ०, । ५१

[२] पदयोग

१. ती अक्षरजस्मा वा शब्द जो वाक्यको भावको एउटा अलग

*संस्कृत शब्दबाहेक नेपाली, हिन्दी, अँग्रेजी शब्दका स्पर्श वर्ण ('क' देखि 'म') का संयुक्त हुने अनुनासिक वर्ण जहिले पनि 'न' हुन्छ, अर्थात् अनुनासिक वर्ण जुन वर्णसंग संयुक्त हुन्छ (संस्कृत शब्दमा झैं) त्यसको पंचम वर्ण हुँदैनः–कन्चट, वन्चरो, टन्टा, भान्जा, सिन्का, रन्का भन्टा, खान्की, बान्की, जन्जीर, जन्जाल, वेन्च, इ० ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थपूर्ण टुक्रा जाहेर गर्दछन्, एकै ठाउँमा जोड्एिको हुनुपर्छ, अर्थात् शब्दको त्यो सहायक भाग जुनविना एउटा अर्थपूर्ण टुक्रा वन्दैन, अर्थात्. संगै नभईकन अलग हुंदा आफ्नो वास्तविक वा अलग माने वा अस्तित्व नझल्कने, संगै भएमात्र झल्कने भए त्यो शब्दसंगै जोड्नुपर्छ;जस्तै–रामले, रामलाइ,रामको, रामहो, त्यसपछि, रामभन्दा, त्योविना, ऐनबमोजिम, लौन, भनन, आओस्त, आएन, नभन, दिनभरी, चौकोस, ठूल्नानी, बिन्तिपत्र, पाखामनिमनिबाट, त्योसंगसंगै. डरलाग्दो, घेरैगरेर, लेख्ताखेरि, गरेहुँदि, बिहानपख,जनैपिच्छे, एकपल्ट, किनभने, किनकि,तापनि, भएपनि भनेदेखि, खेल्नेछ, भनिवक्स्यो, लेखेनहोला, पर्खिराख, इ० । ५२

अर्थपूर्ण टुक्राको पहिचान

"कसले गरेको'?–रामले" यहाँ 'कसले? गरेको' भन्ने प्रश्नमा 'रामले' भन्नाले रामले गरेको भन्ने प्रस्तै बुझियो। त्यसैले 'रामले' एउटा अर्थपूर्ण टुक्रा भयो; त्यस्तै के गर्ने ?–ऐनवमोजिम, कहाँ? रूखमनि, कसरी रुझेनौ ?–पाखामनिमनिबाट आएर, खसी नपाएनि ?–भेडा भएपनि हुन्छ, उ नआए नि ?–नआएपनि जाने, इ०

टिप्पणी—एउटा अर्थको झोक्काको निम्ति शब्दले प्रत्यय, विभक्ति र अरू शब्दको पनि भरपर्नुपर्छ, त्यो भरपर्नु पर्ने भाग पनि एकै ठाउँमा जोडिन्छ; जस्तै–तिम्रा दाइ आउँदैन ?–आउनु हुन्छ।

यहाँ 'आउनु' र 'हुन्छ' दुई शब्द भएतापनि एउटैमात्र अर्थको झोक्का भएकोले एउटै शब्द गनिन्छ।

[३] पद-वियोग

१. 'को तो दो नो रो' इत्यादि विभक्ति लागेका शब्द जोडिदैनः-भनेको हुँ, गर्दो हुँ, हिंडदा होलान्. रामले भन्दा,मैले चाहिं उसको अगाडि, उसले विना, मेरो द्वारा, इ० । ५३

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत

[१] तद्धितान्त

तद्धितान्त शव्दमा प्रायः शव्दको पहिलो अक्षर दीर्घ हुन्छ ।

दीर्घ वर्णको तालिका

'अ आ' को दीर्घ "आ"; 'इ ई ए ऐ' को दीर्घ "ऐ", 'उ ऊ ओ'को दीर्घ "औ"; 'ऋको "आर", 'न्या' को दीर्घ 'नैयाँ'; 'व्या' को दीर्घ 'वैया'।

१. काल र सम्वन्ध (विषय) जाहेर गर्ने संज्ञा शव्द तद्धित हुँदा 'इक' प्रत्यय जोडिन्छ-(काल) समय+इक=सामयिक; मास +इक=मासिक, दिन+इक=दैनिक; (सम्वन्ध) मूल+इक मौलिक; मुख+इक=मौखिक; लोक+इक=लौकिक; पितृ+इक=पैत्रिक; न्याय +इक=नैयायिक; वेद+इक=वैदिक; वृत्ति+इक=वार्तिक, इ०। ५४

२. प्रायः 'ता' प्रत्यय (पनि) लाग्नसक्ने अर्थात् भाव वुझाउने तथा वंश वुझाउने शव्द तद्धित हुँदा पछिल्लो वर्णमा 'य' संयुक्त भएर थपिन्छ—अधिक+य=आधिक्य, चंचल—चांचल्यै, सुजन-सौजन्य, एक-ऐक्य, दीन-दैन्य, पृथक-पार्थक्य, गृहस्थ—गार्हस्थ्य, सम-साम्य, कवि-काव्य, सुन्दर-सौंदर्य, मधुर-माधुर्य (वंश वुझाउने) दिति-दैत्य, वृहस्पति—वार्हस्पत्य, शक-शाक्य, इ०। ५५

द्रष्टव्य : पछाडि 'र' वाला शव्द भए सो 'र' रेफरूपमा रहन्छ—मधुर—माधुर्य, सुन्दर—सौंदर्य, इ० ।

३. मत र सम्वन्ध वुझाउने हुँदा र भाववाचक नामको तद्धित हुँदा[1] पछिल्लो वर्ण अकारान्त हुन्छः—शिव—शैव, शक्ति—शाक्त, वुद्ध-वौद्ध, भूमि—भौम, विधि-वैध, सुरभि-सौरभ, धृत-राष्ट्र-धार्तराष्ट्र, पृथ्वी—पार्थिव, ऋषि-आर्ष, इ० । ५६

---

[1] भाव वुझाउने हुँदा होइन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रष्टव्य: विशेषण र अव्यय पनि नभैकन 'ता' प्रत्यय पनि नलाग्ने शब्दको तद्धित प्रायः यस्तै हुन्छन्:—कुमार-कौमार, पुर-पौर, सुहृद-सौहार्द, इ० ।

अपवाद — कुशल-कौशाल ।

४. उकारान्त शब्द तद्धित हुँदा पछिल्लो वर्णको उकार हराएर 'अव' थपिन्छ—मनु-मानव, विष्णु-वैष्णव, मृदु—मार्दव इ०, । ५७

५ सन्तान बुझाउने पुलिङ्ग शब्द तद्धित हुँदा पछिल्लोवर्ण ह्रस्व इकारान्त हुन्छ; स्त्रीलिङ्ग शब्द तद्धित हुँदाचाहिं पछिल्लो वर्ण 'ए' कार भएर त्यसमा 'य' जोड़िनजान्छ—(पु०) दशरथ—दाशरथि, द्रोण—द्रौणि; (स्त्री) गंगा—गांगेय, कुन्ती—कौन्तेय, इ० । ५८

६. 'योग्य' अर्थात् 'लायक' को अर्थ बुझाउने हुँदा 'य' वा 'अनीय' जोड़िन्छ; षष्ठीको 'को' को अर्थ बुझाउने हुँदा 'ईय' जोडिन्छ:—('य') शरण—शरण्य, मान—मान्य, पूजा—पूज्य;(अनीय) मान—माननीय; (ईय) आत्मा—आत्मीय, भारत—भारतीय, इ०। ५९

७. 'भएको' अर्थ बुझाउने तद्धित हुँदा 'इम,इल' प्रत्यय जोडिन्छ— दुःख+इत-दुखित, सुख+इत—सुखित, पङ्क+इल—पंकिल, इ० । ६०

द्रष्टव्य : 'योग्य' 'षष्ठीको' र भएको अर्थ बुझाउने तद्धित शब्दमा अघिल्लो वर्ण दीर्घ हुँदैन ।

[२] 'ता, त्व' प्रत्यय कहाँ लाग्छ ?

१ प्रायः जातिवाचक नाम, विशेषनाम र गुण बुझाउने शब्दमा मात्र 'ता, त्व' प्रत्यय लाग्दछ— (जा,ना,) मानव-मानवता, पशु—पशुत्व, व्यक्ति—व्यक्तित्व; (वि. ना) शिव—शिवत्व, राम— रामत्व, (गु. बु) सत्य—सत्यता, वीर-वीरत्व, इ० । ६१

द्रष्टव्य : भावनाउँ र नामबाट बनेको ज्यान बुझाउने विशेषण शब्दमा 'ता, त्व' प्रत्यय लाग्दैन; जस्तै—सुख—सुखता, विश्वास-विश्वासता, सौन्दर्य-सौन्दर्यता, सौजन्य-सौजन्यता, स्वार्थी—स्वार्थिता, इ० (हुँदैनन्) ।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[३] 'ता' प्रत्यय राम्रा हुने शब्द❋

१. खास जीउ बुझाउने र इकारान्त शब्दमा बाहेक गुण, दर्जा-बुझाउने लगायत प्रायः अरू शब्दमा 'ता' प्रत्यय राम्रो हुन्छः – सुन्दर–सन्दरता, दार्शनिक–दार्शनिकता, आत्मीय–आत्मीयता, मधुर–मधुरता, वीर-वीरता, इ० । ६२

[४] 'त्व' प्रत्यय राम्रो हुने शब्द❋

१. प्रायः खास ज्यान बुझाउने र 'ऋ,इ' कारान्त शब्दमा 'त्व' प्रत्यय राम्रो हुन्छः–शिव–शिवत्य, राम–रामत्व, पशु–पशुत्व, पुरुष–पुरुषत्व, गुरुत्व, नेतृत्व, मातृत्व, व्यक्ति-व्यक्तित्व, प्रतिनिधि–प्रतिनिधित्व, स्त्री-स्त्रीत्व, अस्ति–अस्तित्व, कवि-कवित्व,इ०। ६३

द्रष्टव्य : प्रायः अन्त्ये द्वित्रटी अक्षरे पदमा ध्वनि र मधुरता हेरी खास जीउ बुझाउने शब्दमा पनि 'त्व' नलागीकन 'ता' प्रत्यय लाग्छः– मानवता, वैष्णवता लाघवता, शिशुता, इ० ।

[५] भावनाउँको विशेषणरूप

भावनाउँ शब्द गुण बुझाउने हुँदा अन्त्यमा प्रायः 'त' हुन्छः–लुप्त, त्रस्त, शान्त, विनीत, संपादित, स्वीकृत, अनुभूत, इ०

विशेषण बनाउने साँचो

१. 'आर' को 'ऋ' 'गृह' को 'गृही' 'णय' 'नय' को 'णी,नी', 'भव' को 'भू', 'ओ' को 'उ', 'आ' को 'अ' भएर 'त' सित मिल्नजान्छ; इकरान्त-वालाको 'इ' उडेर अकारान्त हुन्छ; यीबाहेक घेरैजसो भावनाउँ शब्द विशेषण हुँदा आख़िरी वर्ण उडेर त्यस अगाडिको वर्ण 'इत' प्रत्ययमा मिल्नजान्छः—आर–स्वीकार–स्वीकृत, संस्कार-

❋नेपाली भाषामा चलेका संस्कृत शब्दको निम्तिमात्र ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत, व्यवहार–व्यवहृत, इ० ।

ग्रह—अनुग्रह, अनुगृहीत, संग्रह-संगृहीत. इ० ।

णय–नय–निर्णय–निर्णीत, विनय–विनीत, अभिनय–अभिनीत, इ० ।

भव-अनुभव-अनुभूत, अभिभव–अभिभूत, इ० ।

ओ+–लोप–लुप्त, योग–युक्त, प्रयोग–प्रयुक्त, इ० ।

आ+-त्रास–त्रस्त, अभ्यास–अभ्यस्त, स्वास्थ्य–स्वस्थ, इ० ।

इकारान्त–शान्ति–शान्त, भ्रान्ति–भ्रान्त; प्राप्ति-प्राप्त, व्याप्ति-व्याप्त, पुष्टि-पुष्ट, इ० ।

अरू प्रायः- अनुमान–अनुमित, शासन–शासित, परिणाम-परिमित, मुद्रण–मुद्रित, संभावना–संभावित, परिचय–परिचित, इ० । ६४

अपवाद–अपनाम–अपमानित, इ० ।

सूचना–भावनाउँ शब्द विशेषण हुँदा 'ए' को 'इ' हुन्छः–अवशेष-अवशिष्ट; भेद–भिन्न, इ० ।

द्रष्टव्य : 'ध' वाला भावनाउँ विशेषण हुँदा 'ध' र 'ध' सित जोडिएको वर्ण समेत मिलेर 'द्ध' हुनजान्छ; 'द' वाला चाहिँमा सो 'द' द्वित्व 'न्न' हुनजान्छः-

(ध) बोध–बुद्ध, विरोध–विरुद्ध; सम्बन्ध– सम्बद्ध, इ० ।

(द)–विपद्–विपन्न, संपद–संपन्न, खेद–खिन्न, इ० ।

+ 'ओ, आ, ए' पर 'श' 'ष' भए 'ष्ट', 'स' भए' 'स्त', 'अरू' वर्ण भएमा त्यस वर्णको पहिलो वर्गको अक्षर भएर 'त' सित मिल्नजान्छः– (श, ष) संतोष–संतुष्ट, पोष्ट–पुष्ट; दोष–दुष्ट, इ० । (अपवाद)--शोष --शुष्क,) नाश-नष्ट, विशेष--विशिष्ट, ग्रास-ग्रस्त, ताप-तप्त, प्रयोग-प्रयुक्त, त्याग–त्यक्त,दान–दत्त, (अपवाद–लाभ-लब्ध, दाह–दग्ध, पाक-पक्व)इ०।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टिप्पणी—यदि 'द' वाला पदमा मूर्धन्य वर्ण छभने द्वित्व 'न्न' नभईकन द्वित्व 'ण्ण' हुन्छ र पछाडि 'न' वाला शब्द भए पछाडिको 'न' उड़ेर त्यस अगाड़िको वर्ण–अनुसार माथि बताइएका नियमबमोजिम हुन्छः–(द) निर्वेद–निर्विण्ण, अक्षोद–अक्षुण्ण; (न) गोपन–गुप्त; उपनयन –उपनीत, आनयन–आनीत, बन्धन–बद्ध, इ० ।

२. 'अ' वा 'आ' कारवाला शब्द 'कर्ता' वा 'वाला' को अर्थ दिने विशेषण हुँदा 'आ' कार वा 'ना' वाला भए 'आ', 'ना' कट्टा गरी र 'य,व' अन्त्ये भए 'य,व' अगाड़िको वर्ण आकार भएर 'क' थपिन्छः–लेख–लेखक,नाश–नाशक,शिक्षा–शिक्षक,चिन्तना–चिन्तक,परिचय–परिचायक,अभिभव–अभिभावक,इ० । ६५

[६] पछाडि हल् (्) हुने शब्द

१. ननाउँ र प्रायः विशेषण शब्दका खुट्टा काटिन्छन्–अर्थात्, एवम्, स्वयम्, बलात्, साक्षात्, अकस्मात्, कदाचित्, किंचित्, श्रीमन्, बुद्धिमान्, धनवान्, महत्, वृहत्, महान्, पृथक्, पश्चात्, संम्राट्, विराट्, विद्वान्, भगवान्, भगवत् इ० । ६६

द्रष्टव्य : ननाउँ शब्दमा 'कदाचित्' र 'किञ्चित्' बाहेक 'इक, इत, इल' वाला शब्द हलन्त हुँदैन; आखिरी 'त क, पद्, सद्' वाला भए प्रायः नाममा पनि हल रहन्छः–

'इक'–अधिक, उचित, शिथिल, इ० ।

'त'–जगत्, सुहृत्, संवत्,शरत्,सम्यक्,परिषद्,उपनिषद्,संसद् इ० ।

[७] विसर्ग (:) हुने शब्द

१. अकारान्त अव्ययमा र क्रियाविशेषण शब्दको पर तथा 'श, ष, स' को पूर्व 'दु, नि' छभने 'दु, नि' को पर पनिः–प्रायः; स्वतः, क्रमशः, विशेषतः, दुःशासन, निः सन्देह, निःशेष, इ० । ६७

द्रष्टव्य : यी शब्दमा पनि सदा विसर्ग रहन्छः–दुःख, हा, छः, छिः ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[८] खटक्न जाने केही शब्द–अन्वय

१. एक जातीय शब्दमा अरू जातीय प्रत्यय र उपसर्गको प्रयोग प्रायः खट्किन्छः–

घरहीन, असरकारक, खुकुरीत्व, खोजपूर्ण, तोडक, खोजक आफूपर्यन्त, उथलपुथलमय, कट्टरता, महोत्तरी, जिलान्तर्गत, अफइदा, नगण्य, नसुन्दर, पैसाशून्य, जाँचक, बेचक, इ० । ६८

द्रष्टव्य: कुनै देश वा समाज, संप्रदाय र राष्ट्रको कुनै विशेष व्यवस्थित शब्दमा शब्दको प्रकृति हेरीकन प्रचलित विजातीय प्रत्यय र उपसर्गको प्रयोग गर्न सकिन्छः–

अमेरिकास्थ, फ्रान्सनिवासी, रूसस्थ, यूरोपीय, अहिन्दू, अमुसलमान; मुसलमानत्व, अजापानी, असरकार, इ० ।

सूचनाः–'जाँचक' यो शब्द नियमको अनुसार साह्रै खट्किने भएतापनि ज्यादै प्रचलित भैसकेको हुनाले नखट्किने भैसकेको छ ।

२. तत्सम शब्दको नियम–अनुसार तद्भव र ठेट शब्दहरु विशेषण बन्नसक्तैन् :–

संघट्टन वा संघटनको तद्भव संगठन—संघटित, संघटनात्मक, संघटनीय आदि जस्तै संगठित, संगठनात्मक, संगठनीय हुन सक्तैन, त्यस्तै 'प्रकट'को 'प्राकट्य' जस्तै प्रगटको प्रागट्य, आश्चर्यित जस्तै अचंभित र मुद्रित, प्रकाशित आदि जस्तै छापित, सुधारित, आदि पनि हुनसक्तैन । ६९

३. सन्धि–समास पनि प्रायः विजातीय शब्दसंग खट्किन्छः-

कन्या–स्कूल, बिजुली–आविष्कार, किताप–प्रकाशन, तस्वीर–लेखन–कला, हिसाप–पंडित, युद्ध–सामान, खेल–सामग्री, घडी–विशेषज्ञ, सामानवाही–विमान, भेखधारी, बहुखर्ची बाढपीडित, जाँचकर्ता इ० । ७०

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रष्टव्य : (क) देश, समोज, ज़ातीय र राष्ट्रिय प्रधान संज्ञा जसको अरू भाषामा यथोचित पारिभाषिक शब्द छैन, त्यो संज्ञाले संस्कृत शब्दसित सामासिक सम्बन्ध राख्नसक्तछः—

खुकुरी–प्रदर्शनी, खुकुरीमय, गान्धी–जिन्ना-मिलन, क्रिप्स--योजना, वीर–अस्पताल, त्रि-चन्द्र-कलेज, जुद्ध-पब्लिक-स्कूल,वीर-धारा, चन्द्र-बत्ती, राड़ी-भण्डार,नून-खानि,बिक्री-भण्डार,पावरदार,पावरवाला,खड्गजात्रा,इ०

द्रष्टव्य : (ख) भाषाको दृष्टिकोणले विभाषीय शब्द भएपनि सान्है प्रचलित भएर एक अर्काको अस्तित्व एक अर्काले अफनाइसकेको भएरपनि पर्यायवाची वा पारिभाषिक शब्द नै उसको स्थानमा खट्किने भए वा पर्यायवाची वा स्वभाषाको पारिभाषिक शब्द नै यदि छैनभने विभाषीय शब्दको बीचमा पनि सामासिक सम्बन्ध रहनसक्तछः—

पुलिस–विभाग, परराष्ट्र अड्डा, ज़िमीदारी प्रथा, डाक्टरी चिकित्सा, स्कूलगोस्वारा, झन्ड़ा-अभिवादन, कांग्रेस-अङ्क, रेडियोविशेषज्ञ, यूरोप-भ्रमण,मोटर-विज्ञान, किसान-सम्मेलन, रेल-दुर्घटना, गोलीकांड, पूँजीवाद; पूँजीपति, अश्रु-गैस, बगली क़ोष, घण्टाघर, सिंहदरबार, इ० ।

विवरण—एक भाषाको शब्दसित अर्को भाषाको समास हुँदा सन्धिका नियमले सन्धि ग़र्न हुंदैन, बीचमा अंशचिह्न (–) राखी शुद्ध स्वरूपको शब्द व्यवहार गर्नुपर्छः—

अशुद्ध—झंडाभिवादन, कांग्रेसांक, हड़तालारम्भ, इ० ।

शुद्ध— झंड़ा-अभिवादन, कांग्रेस-अङ्क, हडताल-आरम्भ इ० ।

परिशिष्ट [क]

पुलिङ्गको स्त्रीलिङ्गरूप

पछाडि 'वान्' शब्दको 'वती', 'मान्' को 'मती', पिता' बाहेक 'ता'को 'तृ' वा 'त्री' हुन्छ– वान्-भगवान्-भगवती, विद्यावान्-

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यावती, श्रीमान्-श्रीमती; बुद्धिमान-बुद्धिमती; नेता--नेतृ वा नेत्री, दाता-दात्री, कर्त्ता कर्त्री, विजेता-विजेत्री, इ० ।

पछाडि 'क'वाला जातिवाचक शब्द स्त्रीलिङ्ग हुंदा पछाडिको 'क' 'इका' सित मिल्नजान्छः—नायक-नायिका,लेखक-लेखिका संरक्षक-संरक्षिका, वालक-वालिका, इ०। (अप० नर्तक-नर्तकी)

पछाड़ि उकारवाला शब्द स्त्रीलिङ्ग हुँदा उकारवाला वर्ण हल भएर 'वी' मा मिल्नजान्छः— गुरु-गुर्वी, साधु-साध्वी, इ० ।

प्रायः अकारान्त विशेषण शब्द स्त्रीलिङ्ग हुँदा आकारान्त हुनजान्छः— अध्यक्ष-अध्यक्षा, सदस्य--सदस्या, वृद्ध-वृद्धा, विवाहित-विवाहिता, चपल-चपला इ० ।

द्रष्टव्य : भाषामा कतिपय अकारान्त विशेषण शब्द स्त्रीलिङ्ग हुँदा पनि अकारान्तै चल्छन्:-- वीर, धीर, गम्भीर, क्रूर, सुन्दर, सरल, साधारण, दीन, हीन, चतुर श्रद्धेय इ० ।

अकैं रूपका केही पुलिङ्ग स्त्रीलिङ्ग

कवि-कवि(व)यित्री, सम्राट-सम्राज्ञी, राजा-राज्ञी, विद्वान्-विदुषी, श्री-सुश्री, युवा वा युवक-युवती,सभापति-सभानेत्री, राष्ट्रपति-राष्ट्रनेत्री, (पद उपाधि वाचक शब्द दुवै लिङ्गमा पनि व्यवहार हुन सक्छः— मंत्री, शास्त्री, आचार्य, विद्यालंकार इ० ।)

विशेष ध्यान दिनुपर्ने कुरा

कुनै विशेष शब्द त्यही खास शब्दअनुसार नै ह्रस्व--दीर्घ हुन्छ, चाहे नाम, थर जल्ले जे राखून; नाम, थर, जात इत्यादि व्याकरणअनुसार हुँदैनः—(पोथी नाम राखिए पनि) सुरुचि, सुनीति, शान्ति, कान्ति, सुमति; (थर ज़ात भएपनि)

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गिरि, अग्निहोत्री, इ० ।

'सती--सतीत्व, पत्नी--पत्नीत्व' आदि झैं मान्छेपोथी शब्दसित वाहेक त्व, ता, प्रत्यय जोडिंदा र मण्डल, वर्ग, गण, आदिसित समास हुदा दीर्घवाला शब्द पनि ह्रस्व हुनजान्छः— उत्तरदायी–उत्तरदायित्व, मन्त्री-मन्त्रित्व, उपयोगी-उपयोगिता; मन्त्री–मन्त्रिमण्डल, पक्षी--पक्षिवर्ग, प्राणी--प्राणिगण, रोगी—रोगिमात्र, इ० ।

मानिस र ठाउँको नाउँमा एकभन्दा बढी शब्द भएपनि एउटै शब्द गनिन्छ र ह्रस्व–दीर्घ ज़स्ता–तस्तै भएर संगै टांसिएको हुनुपर्छः—लक्ष्मीप्रसाद, कालीचरण,रामबहादुर, शिवमान; गोकुलचन्द्र, जीतसिंह, अकलशमशेर, शिवप्रतापशमशेर, विशालनगर, दिल्लीवजार, हांडीगाउँ, कुशलेचौर, इ० ।

अपवाद—कालिदास ।

सरकार,संस्था,मण्डल,कमीशन,जनता,आँखा,खुट्टा, इत्यादि नाम संधै साधारण र तपाई,हजूर,उहाँ,मौसूफ आदि शब्द आदरार्थी भएर दुवै थरीका यी शब्द संधै पुलिङ्ग, एकवचन र अन्यपुरुष हुन्छः–सरकार गर्छ, संस्था खुल्छ, प्रतिनिधि मण्डल आएको थियो, शिवरात्रि समितिले राम्रो काम गर्दछ, मेरो आँखा कमजोर छ, उसको खुट्टा चलेन, तपाई हाँस्नुभो, हजूर डराइबक्सिन्छ, उहां भन्नुहुन्छ, मौसूफले गरिबक्सेको थियो, पंडितजी आउनुभयो, धाई जानुभयो इ० ।

द्रष्टव्य : अनेक संस्था, पार्टी, बुझाउने भए बहुवचन हुन्छ :— संस्थाहरु खुल्दै छन्, दुवै आँखा फुटे, इ० ।

आदर बुझाउने क्रिया, कर्ता वा व्यक्तिको लागि मात्र व्यवहार हुन्छ, आदर बुझाउने शब्दको निम्ति होइनः—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अशुद्ध—श्री ५ लाइ आराम नभइबक्सेकोले, महाराजको सवारी भइबक्स्यो, श्री ५ वाट हुकूम बक्सेको थियो, शाहज्यादीको जागा भइबक्सेको छैन, इ० ।

शुद्ध—श्री ५ लाइ आराम नभएकोले, महाराजको सवारी भयो, श्री ५ वाट हुकूम भएको थियो, शाहज्यादीको जागा भएको छैन, इ० ।

"आराम गरिबक्स्योस, सवारी भइबक्स्योस, (सवारी होस् पनि हुन्छ) श्री ५ ले ज्यूनार गरिबक्स्यो, हिजो महाराजले सुक्रा गरिबक्सेन, हजूरले मुखार गरिबक्सेको छैन" इत्यादि वाक्यमा आदरको क्रिया व्यक्तिकै लागि प्रयोग भएकोले ठीकै छ।

नेपाली भाषामा संस्कृतमा स्त्रीलिङ्ग हुने नदी, प्रकृति, पृथ्वी, उषाकाल आदिलाइ पनि नपुंसक लिङ्गमा नै व्यवहार गरिन्छः— नदी वहन्छ, प्रकृति रिसायो, पृथ्वी हाँस्दैछ, उषा मुस्कुराइरहेछ। इ०

सन्धि

स्वर—सन्धि

१. एक जोडा स्वर[1] अगाड़ि—पछाडि जुनसुकै परोस, सँगै आएपछि दुवै स्वर मिलेर दीर्घ हुन्छ :— परम+अर्थ=परमार्थ, हिम+आलय=हिमालय, गिरि+इन्द्र+गिरीन्द्र, कवि+ईश्वर=कवीश्वर, मही+इन्द्र=महीन्द्र, भानु+उदय=भानूदय, वधू+उत्सव=वधूत्सव, इ० ।

२. पहिलो जोडासित दोस्रो जोडासँगै आए 'ए', तेस्रो जोडा संगै आए 'ओ', चौथा जोडा संगै आए 'अर', पाँचौ जोड़ासंगै

[1] संगैका दुई—दुई स्वरको एक जोडा हुन्छ; जस्तैः—(१) अ—आ, (२) इ—ई, (३) उ-ऊ, (४) ऋ—ॠ (५) ए—ऐ र (६) ओ-औ

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आए'ऐ'र छैटौं जोडा संगै आए'औ' हुनजान्छ :–

(दो) सुर+इन्द्र=सुरेन्द्र परम+ईश्वर=परमेश्वर, महा+इन्द्र=महेन्द्र, (ते०) पर+उपकार=परोपकार, महा+उत्सव=महोत्सव, (चौ०) ब्रह्म+ऋषि=ब्रह्मर्षि, महा+ऋषि=महर्षि; (पाँ) एक+एक=एकैक, मत+ऐक्य,=मतैक्य,तथा+एव=तथैव;(छै०)जल+ओघ=जलौघ,परम+औषध=परमौषध, महा+औषधि=महौषधि, इ० ।

३. दोस्रो, तेस्रो र चौथो जोडा अर्थात् इ-ई, उ-ऊ,ऋ-ॠ वर्ण कुनै स्वरसित सन्धि हुँदा इ–ई को 'य',उ–ऊ को 'व' र ऋ–ॠ को 'र' भएर अगाडिको स्वरसित मिलनजान्छ:—यदि+अपि=यद्यपि, अति+आचार=अत्याचार, अभि+उदय=अभ्युदय, प्रति+एक=प्रत्येक,अनु+अय=अन्वय,सु+आगत=स्वागत,अनु+इत=अन्वित,अनु+एषण=अन्वेषण,पितृ+अनुमति=पित्रानुमति, मातृ+आनन्द=मात्रानन्द, पितृ+उपदेश=पित्रोपदेश, इ० ।

व्यञ्जन-सन्धि

कुनै वर्गको पहिलो अक्षरको पर जुनसुकै वर्गका पनि तेस्रो चौथो वर्ण वा स्वर आएमा सो पहिलो वर्ण सोही वर्गको तेस्रो वर्ण हुनजान्छः—दिक+गज=दिग्गज,वाक्+ईश=वागीश, अच्+अन्त=अजन्त,षट+दर्शन=षडदर्शन,अप्+जा=अब्जा,जगत्+ईश=जगदीश ,सत्+भाव=सद्भाव,भविष्यत+वाणी=भविष्यद्वाणी

२. 'न' वा 'म' को अगाड़ि वर्गको पहिलो वर्ण आएमा पहिलो वर्ण त्यसैको पाँचौ वर्ण हुनजान्छः— वाक्+मय=वाङ्मय, जगत्+नाथ=जगन्नाथ, सत्+नीति=सन्नीति, इ० ।

३. यदि कुनै स्वरको पर'छ'छ भने त्यो 'च'सहितको'छ'(च्छ) हु छः—अव+छेद=अवच्छेद, आ+छादन=आच्छादन, इ० ।

४. 'त' वा 'द' को पर चवर्ग, टवर्ग र 'ल' आएमा जुन वर्ण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ, 'त' वा 'द' उही वर्ण हुनजान्छः— सत्+चरित्र=सच्चरित्र, विपद्+जाल=विपज्जाल, उत+लङ्घन=उल्लङ्घन, इ० ।

५. 'त' को पर 'श' छ भने 'त'को ठाउँमा 'च' र 'श'को ठाउँमा 'छ' हुन्छः- सत्+शास्त्र=सच्छास्त्र, उत+शिष्ट=उच्छिष्ट

विसर्ग–सन्धि

विसर्ग प्रायः 'नि' 'दु' र अकार वर्णमा हुन्छ र विसर्गको सन्धि हुंदा प्रायः 'श, ष, स' तथा 'र' हुन्छ।

१. 'इ,उ'वाला विसर्गको पर 'च,छ,श' जाति भए विसर्गको सट्टा 'श'; 'क, ख, प, फ' भए विसर्गको सट्टा 'ष' र कुनै स्वर[1] वा घोष[2] वर्ण आए विसर्गको सट्टा 'र'[3] हुन्छ :–निःचल =निश्चल, = निश्छल, दुःशासन=दुश्शासन, निःकपट = निष्कपट,निःफल=निष्फल,दुःप्रवृत्ति=दूष्प्रवृत्ति,निःआशा=निराशा,दुःआशा=दूराशा,दुःउपयोग=दुरुपयोग,निःजन=निर्जन, निःधन=निर्धन, निःगुण = निर्गुण, वहिःदेश = बहिर्देश, निःवल=निर्वल, इ० ।

२ विसर्गको अगाडि'अ'छ र पछाडि कुनै घोषवर्ण आए 'अ'को सट्टा'ओ' हुनजान्छः—तपः+वन=तपोवन, मनः+योग= मनोयोग, अधः+गति = अधोगति,मनः+भाव =मनोभाव,तमः + गुण=तमोगुण,तेजः+मय=तेजोमय, इ० ।

३. विसर्गको अगाडि 'ट,ठ' भए 'ष' र 'त, थ' भए 'स' हुन्छः—धनुः+टंकार=धनुष्टंकार, मनः+ताप=मनस्ताप, इ०।

---

[1] अ, आ, इ, ई, उ, ऊ, इ० । [2] प्रत्येक वर्गको तेस्रो, चौथा, पाँचौ वर्ग, अन्त्यस्थ (य, र, ल, व,) र 'ह' लाइ घोष वर्ण भनिन्छ ।
[3] यदि विसर्गको पर 'र' छभने विसर्ग लोप भई-उसको पूर्वको वर्ण दीर्घ हुन्छः—निःरस-नीरस,निःरोग-नीरोग, इ० ।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. विसर्गको अगाड़ि 'अ' छ र पछाडि 'क,ख,प,फ' छभने विसर्ग विसर्गै रहन्छ, यदि विसर्गको पछाडि 'श,ष,स' छभने विसर्ग विसर्गै अथवा विसर्गको सट्टा अगाड़ि जुन वर्ण छ,उही वर्ण हुन्छ— उषः+काल=उषःकाल, रजः+कःण = रजःकण, अधः + पतन = अधःपतन, दुः+शासन = दुःशासन वा दुश्शासन, निः+सन्देह=निः सन्देह वा निस्सन्देह, इ० ।

५. अन्त्य 'र' को पर अघोष[1] व्यञ्जन आए 'र' को सट्टा विसर्ग हुनजान्छः— अन्तर+करण =अन्तःकरण, प्रातर्+काल =प्रातःकाल, अन्तर + पुर = अन्तःपुर, इ० ।

विविध सम्बन्धी

१. विशेषण शब्दमा फेरि विशेषणार्थक प्रत्यय लगाईन्दैन; जस्तै 'मान्य' विशेषणमा फेरि 'नीय' विशेषणार्थक प्रत्यय लगाएर 'मान्यनीय' गरिंदैन, त्यस्तै 'पूज्य' को 'पूज्यनीय वैद्युतकको वैद्युतिक गरिंदैन इ० ।

२. प्रत्यय भएको शब्दमा फेरि उपसर्ग पनि लगाइन्दैन;जस्तै 'विनयपूर्ण' मा 'स' उपसर्ग लगाएर 'सविनयपूर्ण' 'मूलतः' मा 'आ' उपसर्ग लगाएर 'आमूलतः' इत्यादि गरिन्न।

बराबर भूल हुनजाने केही प्रचलित शब्दका सूची:—

अशुद्ध	शुद्ध	अशुद्ध	शुद्ध
महाराजा	महाराज	महात्मागण	महात्मगण
माहात्मा	महात्मा	गुणीगण	गुणिगण
प्राणीमात्र	प्राणिमात्र	दिवारात्रि	दिवारात्र
अहोरात्री	अहोरात्र	भ्रातागण	भ्रातृगण

[1] प्रत्येक वर्गका पहिलो, दोस्रो वर्ण र श, ष, स, वर्ण ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिता-आज्ञा	पितृ-आज्ञा	दुरावस्था	दुरवस्था
प्रत्योपकार	प्रत्युपकार	विविध प्रकार	विविध
आवश्यकीय	आवश्यक	उत्कर्षता	उत्कर्ष
निरोत्साह	निरुत्साह	उपलक्ष	उपलक्ष्य
उलङ्घन	उल्लंघन	उन्नतशील	उन्नतिशील
पौर्वात्य	पूर्वीय	पार्वतीय	पर्वतीय
फाल्गुण	फाल्गुन	सन्मान	सम्मान
जाग्रती	जाग्रति	तदोपरान्त	तदुपरान्त
आधीन	अधीन	आरोग्यता	आरोग्य
उपरोक्त	उपर्युक्त	अनाथिनी	अनाथा
निरोग	नीरोग	निरस	नीरस
अनुवादित	अनूदित	अर्द्धांगिनी	अर्द्धाङ्गी
उन्मिलन	उन्मीलन	सौजन्यता	सौजन्य
कालीदास	कालिदास	किम्वदन्ती	किंवदन्ती
प्रतिक्रया	प्रतिक्रिया	एकत्रित	एकत्र

परिशिष्ट [ख]

चिह्न-विचार

[,] पादविराम (कमा)

प्रयोगको नियम :—

१. एकभन्दा बढी क्रियापद भएको वाक्यमा हरेक क्रियापदको पर:—

बिहान सबेरै डुल्नाले शरीरमा फुर्ति बढ्छ, मन चङ्गा हुन्छ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनेक उत्साहको संचार हुन्छ एवं[1] प्रकृतिको ज्ञान पनि बढ्छ।

पर्खे, पहिले खूब विचार गर, अनिमात्र कुनै काममा हात बढाऊ। कतिपल्ट भन्नुपर्छ, जाऊ, जाऊ लौ। आउँछु नै भनेर त्यसलाइ कहाँ भनें र,[2] फुर्सद पाए भरेतिर आउँला पो भनेको थिएँ;। जो धनी छ, त्यसलाइ सबै मान्दछन्।

२. एकै किसिम, हालत वा सम्बन्धका धेरै पद, वाक्यांश वा खण्डवाक्य छन् भने पछिल्लोको अगाड़ि एउटावाहेक हरेकको परः—

सावित्री पतिव्रता, बुद्धिमती, सुन्दरी तथा शीलशिरोमणि छन्। भूइँमा हिड्नेलाइ भूचर, पानीमा रहनेलाइ चलचर र आकाशमा उड्नेलाइ खेचर भन्दछन्।

३. सम्बोधनको परः—हे मोहन, चाँडै आऊ।

[;] अर्द्ध विराम (सेमिकोलन)

चाहे उद्देश्य वा कर्त्ता अलग-अलग भएका स्वतन्त्र वाक्य होस,चाहे संयुक्त वाक्य होस, वाक्य वा उपवाक्यको परस्परमा विशेष सम्बन्ध नभैकन दूर सम्बन्ध छ भने त्यस्ता वाक्य वा उपवाक्यको पर अर्द्ध विराम लगाइन्छः—

पानी परिरहेछ; मेघ गर्जिरहेछ; हावा आइरहेछ; विजुली चम्किरहेछ; सर्वत्र सन्नाटाको दृश्य छाइरहेछ।

राजा नाबालक भए पनि पृथ्वीलाइ रक्षा गर्नसक्ने हुन्छन्; उमेरले होइन, जातैले अपनो–आफ्नो काम चलाउन सक्ने

---

[1] एकै किसिमका वो हालतका पद वाक्यांशहरु भएका पछिल्ला दुइटाको बीचमा 'र,औ, एवं, तथा वा अथवा' आदि संयोजक अव्यय एउटा रहन्छ।

[2] क्रियापदको पर 'र,प्यारे, नि, पो, ब्यारे' आदि अव्यय आए पाद-विराम त्यसैको पर लगाइन्छ।

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुण हुन्छ ।

(विक्रमोर्वशी–श्री केसरशमशेर)

शोकमा डुबिबस्सेका महाराजलाइ छोडेर सवारी हुनु मनासिब पर्दैन; ममात्र जान्छु ।

(स्वप्नवासवदत्ता–श्री अर्जुनशमशेर)

[:] सापेक्षविराम (कोलन)

१. कुनै वाक्यको पछि अर्को वाक्य वा शब्दहरु यदि पहिलो-चाहिं वाक्यको अर्थको महत्ता वा स्पष्टता वा पुष्टीकरणको निम्ति आएका रहेछन् भने सापेक्षविरामको व्यवहार गरिन्छः–

गोविन्दले मलाइ ठूलो गुण गरिराखेका छन् : पोहोर मलाइ १ वर्षसम्म धनले मदद गरे, इष्ट-मित्रबाट मदद गराए; बलले मदद गरे; त्यतिमात्र होइन, मेरो निम्ति उनले दुष्टहरुको मारसमेत खानपर्‍यो । रामले भरे ३ वटा किताव दिन ल्याउँछन् : प्रह्लाद, मुटुको व्यथा र हरिश्चन्द्र-काव्य !

थिनको होस नै छैन नारायण सुरा पिई
वक्तृता पाठशालामा पुग्नासाथ भयो शुरू :
कराई विष्णुको नाम आफूले त लिए लिए
किन फेरि अरूलाइ उल्काइदिनु पर्दथ्यो !

(प्रह्लाद–श्री मो. क. बालकृष्ण)

[।] पूर्णविराम (फूलस्टप)

वाक्य पूरा भएका ठाउँमा पूर्ण विरामको व्यवहार गरिन्छः—

आजकल साह्रै नजाती, होइन, होइन, देशोन्नतिको निम्ति अत्यन्त जाती परिस्थिति छ । अस्ति राम आएका थिए ।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[?] प्रश्न-चिन्ह (नोट अफ इन्टरोगेशन)

१. खालि उत्तरको निम्तिमात्र प्रश्न गरिने वाक्यमा :—
तिमी कहिले आउँछौ ? म आऊँ ? आयो ?

२. उत्तरको निम्ति प्रश्न गरेको नभएतापनि यदि त्यस प्रश्नसूचक शब्द वा वाक्यबाट अवधारण वा रीसको भाव जाहेर हुन्छभने प्रश्नचिह्नको व्यवहार गरिन्छः-

मैले भनेको हो र ? कहिले भन्लान् ? कविता गर्नमा कालिदासलाइ कसले सक्थ्यो ?

द्रष्टव्य : शब्द वा वाक्यको यथार्थतामा वा उपयुक्ततामा अर्थात् ठीक प्रयोग हुनामा लेखकलाइ यदि शङ्का लाग्छभने अथवा कुनै शब्दमा व्यंगभाव जाहेर गर्नु छभने प्रश्नचिन्ह (?) शंका लागेको वा व्यंगभावको शब्द वा वाक्यको पर कोष्ठकमा प्रयोग गरिन्छ:—

मुलुक (मुकुन्द?) सेन राजाले रिडीमा तपस्या गरेका थिए भन्ने वंशावलीमा उल्लेख छ । पहिरो धेरै गए उब्गाह (?)चल्छ ।—श्रीज्ञवाली।

लेखकको जानिफकारी (?) मा तुलसीदासभन्दा ठुला कहिल्यै कुनै पनि भाषामा, कुनै कवि संसारमा कहीं छैनन् ?

ब्लाकमार्केट (चोरबजार) का साहूहरु आजकल दिनका दिन पशुपतिको पूजा (?) गरेर खूब धर्म (?) गरिरहेका छन् ।

(!) उद्गार-चिन्ह (नोट अफ आडमिरेशन)

१. हर्ष, शोक, रोदन, आश्चर्य, भय, घृणा, आदि आन्तरिक भावपूर्ण पद वाक्यहरुको पर:—

अहा, यहाँ कस्तो रमाइलो छ ! अफसोस, काल्ू मरे

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ ! अहो, त्यो के हो ! कस्तो डरलाग्दो पहाड ! छि कस्तो नराम्रो ! नाथ ! नाथ ! मलाइ बचाऊ !

द्रष्टव्य : साधारण सम्बोधन र साधारण उद्‌गारसूचक शब्दको पर पादविराम चिह्नमात्र लगाइन्छः—ए नानी, त्यो कलम ल्याऊ। हाइ, कति राम्रो !

२. व्यंग्य र उपहास जाहेर गर्नाको निम्तिः—

नाक र कान नभएकी बहिनीलाइ देख्ता पनि तपाईंले धर्मको विचार गरेर क्षमा गर्नुभयो ! हे रावण, संसारमा तपाईं जस्ता लज्जावान् कोही छैन ! तपाईंको जन्मसिद्ध स्वभाव लज्जालु छ, आफ्नो मुखले आफ्नै बयान पनि कहिल्यै गर्नुहुन्न ! तपाईंको दर्शन पाएँ, म पनि ठूलो भाग्यमानी रहेछु !

३. आश्चर्यको साथसाथै असम्भवसूचित पद वाक्यहरुको पर उद्‌गार चिह्नलाइ बन्दी कोष्ठकमा व्यवहार गरिन्छः—

कलकत्तामा भङ्गेरा जत्रो (!) लामखुट्टे छ रे। बिरुवा अन्धकारमा बढ्दछन् (!), त्यस्तै उनको नीतिलता पनि विपतितममा विकसित हुन्छ।

[—]धर्का-चिह्न (डैस)

१. केही विशेषता, महत्ता र स्पष्टताको निम्ति, जोड दिनाको निम्ति, समान अर्थको पद वाक्य आउँदा र विपरीत अर्थमा अथवा पद वाक्यांश वा वाक्यलाइ अर्कै धारामा लैजाँदा :—

धर्मात्मा उनै हुन्, जो शुद्ध छन्—पवित्र छन्। यो मेरो एकमात्र पुत्र हो—मेरो जीवन-सुखको एकमात्र आधार हो। तपाईंले आज मेरो ठूलो मदद गर्नु भयो—यस्तो मदद आजसम्म कसैले गरेका छैनन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो तिम्रो मित्र–मित्र होइन, शत्रु हो। वीरको अस्त्र सज्जित अङ्ग शोभाको निम्ति होइन–दुर्वलको रक्षाको निम्ति हो।

२. गर्भित वाक्यको दुवैतिर र कुनै पद, वाक्यांश वा वाक्यको लोपको ठाउँमाः—

जुन घरमा मृगनयनी गृहिणी छैन, त्यो गर—सर्व सम्पत्ति-सम्पन्न भएपनि–वन हो।

आशा छ—चाँड़ै जवाफ पाउँला। हिजो तिमीले भनेको कुरा—सबैलाइ थाहा भएछ। राम अस्ति—(कुरा काटेर) आज कुन उत्सवको तोप हानेको क्यारे?

३. कुनै विशेषतावोधक पद वाक्यको पर, कथोपकथनमा पात्रको नामको पर र कुनै लेखकको उक्ति दिंदा त्यस उक्तिको तल लेखकको नामको अगाडि पनि :—

सूचना—, पुनश्च—, विवरण—, लेखक—, प्रार्थयिता—, भवदीय—, निम्न लिखित कुरामा ध्यान देऊ—

मनोहर—सेते, सेते।

सेते—हजूर।

"आफ्नो मन नै आफ्नो शत्रु र मित्र हो।"

—श्री कृष्ण।

[-] अंश-चिह्न (हाइफेन)

१. कुनै पदको अंश अर्को हरफमा लेख्नपर्दा, द्वन्द्वपदको बीच र अनुरूप अव्ययको बीचमा :—

सुख-दुःख, दिन-रात, चाल-चलन, आवत-जावत, दही-सही, काम-काज, मकै-सकै, घिउ-सिउ[1] इ०।

[1]दहीसही, मकैसकै, घिउसिउ पनि हुन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. सन्धि गर्दा मधुरता नष्ट भै भद्दापन देखिने शब्द भए सन्धि नगरी बीचमा अंश-चिह्नको व्यवहार गरिन्छ :—

शक्ति-अङ्क (कक्त्याङ्क), सन्त-अङ्क(सन्ताङ्क), कटु-आलोचना (कट्वालोचना), इ० ।

[“ ”] अवतरण-चिह्न (कोटेशन)

कसैले बोलेको वा लेखेको कुरालाइ जस्ताको तस्तै प्रयोग गर्दा वा कुनै प्रधान (विशेष) पद-वाक्य जाहेर गर्नु छ भने ती सबैलाइ अवतरण चिह्न (“ ”) ले बन्द गरिन्छः—

“अहिंसा परम धर्म, अहिंसा नै परम गति” बुद्धको यो उक्ति मेरा नसा-नसामा मिसिसकेको छ ।

“विद्या पढ्नाले स्त्रीजातिहरु बिग्रन्छन्” भन्ने कुरा “अमृत खानाले मृत्यु हुन्छ” भन्ने कुरा जस्तै युक्तिविरुद्ध छ ।

द्रष्टव्य : कसैको उक्तिको भित्र कुनै प्रधान पद, वाक्यांश वा वाक्य जाहेर गर्नु छ र कुनै विशेष पद जाहेर गर्दाखेरि पनि एकोहरो अवतरण चिन्ह (‘ ’) लगाइन्छः—

जेसिस क्राईस्ट आफ्ना शिष्यहरुलाइ बराबर उपदेश दिन्थे, “तिमीहरु आफ्ना जीवनको विषयमा ‘म के खाऊँ ? म के पिऊँ ? म के लाऊँ ?’ इत्यादि कुनै चिन्ता नगर । जीवन तथा कपड़ाहरुभन्दा के शरीर बहुमूल्य छैन ?”

प्रायः ‘अ, आ’ पर ‘त’ जाति, ‘ई, उ, ए, ऐ’ इत्यादि पर ‘स’ जाति हुन्छ ।

[विशेष जानकारीको निम्ति “चिह्न-परिचय” हेर्नु बेस ।]

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्ट [ग]

प्रूफ-संशोधन

१. सच्चै राख ।

२. अलि हटाऊ ।

३. निकालिदेऊ ।

४. पंक्ति मिलाऊ ।

५. नयां पैरा गर ।

६. नयां पैराको झैं एक एम ठाउँ छोड़ ।

७. अक्षर उल्टा गर ।

८ शब्दको बीचको ठाउँ 'स्पेस' बराबर गर ।

९. स्पेस कम गर ।

१०. बायांतिर हटाऊ ।

११. दायांतिर हटाऊ ।

१२. माथि हटाऊ ।

१३. तल हटाऊ ।

१४. रूफा अक्षर राख ।

१५. मार्जनको पंक्तिसीधा गर ।

१६. छुट्यो ।

१७. दुई पंक्तिको बीचको ठाउँ कम गर ।

१८. दुई पंक्ति बीचको ठाउँ कम भो, बढ़ाऊ ।

१९. सानो डैस राख ।

२०. ठूलो डैस राख ।

२१. ठाउँ बदल ।

२२. एकनासे अक्षर राख ।

२३. त्यहीं रहनेदेऊ ।

२४. स्पेस दबाऊ ।

२५. पादविराम लगाऊ ।

२६. उद्धाहरण चिह्न राख ।

२७. एकोहरो उद्धारण चिह्न राख ।

२८. पूर्णविराम राख ।

२९. उद्गार-चिह्न राख ।

३०. प्रश्न-चिह्न राख ।

३१. इटालिक टाइप राख ।

३२. पैरा छुट्याउन पर्दैन ।

३३. अनुस्वार राख ।

३४. विसर्ग राख ।

३५ अङ्क होइन, अक्षर राख ।

३६. कसो ठीक गराऊ ।

३७. पाण्डुलिपि हेर ।

३८. रोमन टाइप राख ।

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्यास

पाठ १

१. बलि (एउटा राजा), शशि, पनाति, दाइ, पती, जोई, कषि, ऋषी, रवी, पतञ्जलि, हामि, गाइ, साक्षि, ठकुरी, सम्धी, हस्ति, तपाई, भनाई, चौंडाइ, पंडित्याइँ, पछाडी, गिन्ती, थमौति, चाकरी, त्यती, बसौंनी, उति, कारकारति, उस्तरी, जसरि, दोस्ति, दुर्गन्धी, शिलिप, सामन्ति, बरबरि, पनौति, सास्ती, खोकि, भलाइ, माताजि, दाज़ि, अमलचि, गजेडी, गल्ति, जिताउरि, राम्रि, सेती, प्रकृती, अवनति, ताँती, नास्पाति, सन्धी, खापि, अर्ति, जतीं, मूर्ती, ज्यास्ति, हुती, छ्यापि, खल्ती, औधि, औषधि, युक्ति, समिती, वनस्पति, सम्पत्ती; कुश्ति, तथापी, उपाधी, आँधि ।

२. नाभी, खिसि, कैंची, अस्थि, त्रुटी, हानि, वार्णा, बत्ति, सारि, कटी, वृष्टी, रुचि, तुष्टी, ध्वनि, अग्नी, राजि, बानी, धोति, चुक्रि, मणी, खुशि, दधी, वारी, मुनी, अगि, रात्री, अस्ती, राति, वर्सेनी, रजनि, काशि, डोटी, चौरालि, गिरी, एकादशि, अनी, फेरि, एक्कासी, नी, खेरी, देखी, कुन्नो, हाइहाई, चाहीं, बासी, प्रणालि, जिन्दगि, अती, कोटि, सुरभी, केहि, स्थायी, निजामति, दुहाइ, मनाहि, आगामी, आम्दानी ।

३. भाउजु, रामू, पुत्रवधु, लागू, आफ्नु, झीनू, दाइ, कवी, सम्धी, बसाई, भुइँ, घरिपरी, राती, उहि, काशि, नोकरि, बासुरी, बाँकी, पराइ, दमाइ, दिदि, चोली, कोटी, पछाड़ी, गिरि, औषधि, भाँती, निधी, खोपी, उन्नती, अर्ति, भर्याइ, नाती, ध्वनी, हरी, कति, अनी, खिसी, घाणी, वर्सेनी, टट्टू, ब्यू, उन्यु, दस्यू, रज्जु, खप्पू, हलस्वु, स्वयम्भु, म्यूनिसिपल, म्यूजियम, ग्राज्युएट, प्पूठ, खोक्कि, साक्षि ।

४. खुशवु, लु, हेरूँ (?) गरूँ, तराज़ु, आलु, हिउँ, ज्यापू,

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चिरायू, आफु, पिडाँलू, टापु, जादू, बसूँ, साहु, मुनी (महात्मा), ययाती, अमरावति, भराई, दाइँ, तपाइ, पोई, मुनि (तल), माथी, मिती, जोड, सम्धि, उपाधी, विधि, पापि, शशी, पृथ्वि, हस्ती, पक्षि, लेखनी, कुटि, बासि, कौसी, खोजि, हँसी, सामन्ति, दधी, वाणि, कटी, नाभि, व्यक्ती, दृष्टी, कृति, त्यस्तरि, प्रणालि, पारि, आबरू, बाजू, लम्फु, पट्टू, पेटु, भाजू, एक्कासी, अग्नी, रुची, लेख्नू, जाऊँ, आउनु, चाकू, ड्युटी।

पाठ २

१. निरोध, वीकल, नीरस, निर्मल, वीकास, शिवी, गाइ, दाई, खनाति, सवाई, मुर्ख्याइँ, निपर्सी, सन्धि, नरदेवि, तिमि, चाल्नी, दहि, बाँसि, सावधानी, शिलिप, गिरी, खोकी, त्रुटी, नाभि, ऋषी, साछी, जती, पशुपती, खति, ज्यास्ती, लिपी, दधी, वस्ति, गल्ती, चेताघनि, बहालि, सोधनी, कुन्ति, बाजि (कबूल), साखु, चालू, रज्जु, रुजू, हूँ, ट्युशन।

२. मौलीक, मानसिक, दैनीक, प्रकाशीत, गणित, सञ्चित, अन्तीम, माननिय, विरागीन, आनन्दित, द्वितीय, तृतिया, ग्रामिण, दर्शनीय, सन्ध्याकालीन, भौतिकिकरण, स्पष्टीकरण, सैनिकीकरण, अनुगृहित, विनित, अनुनीत, अभिनित, परिणित, संगृहीत।

३. सुधो, हीलो, चुलो, अधूरो, मूजा, टूटा, बुटो, कटी, हामि, ज्यामि, रोइ, बर्सेनि, शशि, नाडि, ठिमी, च्यामि, तपसिल, तारीख, अछुत, अपूरा, अटट, क्रिडा, जिवन, जीवनी, टीका, चिया, तहबिल, खसी, कोटि, सिमी, सिसा, पीठो, मुगा, बिडी, मूगि, टूसा, तातील, कागजि, सास्ति, प्रकृती, कहालि, हिसी, बधाइ, ज़ान्नु, स्टाच्यु, दस्यु, भु, च्युड़ी, स्नायू, वीपति, नीराश, निरोग।

४. चुर्ण, ईर्ष्या, उर्दी, माधूर्य, आशिर्वाद, दूर्गा, निर्माण,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुहुर्त, आयुर्वेद, सूर्तो, मुर्ते, दिपिका, सुप्रदीप्त, प्राचीन, प्रसुन, प्रचूर, ग्रामिण, सूत्लो, सुचना, सुत्र, वीठिका, पिपिलिका, भाई, दाइ, वाली (एकराजा), वासुकी, पछाडि, भोली, वसाइ, दाजि, स्वामि, वेसी, कसौड़ी, खोजी, अस्थायी, द्रष्टी, साक्षि, अस्थी, तथापी, वनस्पती, आधि, मनाहि, गालि, पाल्टु, पन्यु, काबू, जम्बु, ड्यूटि, तालु, अश्रु, टापु, वीहार, निमेष, निरस, मुसा, ठीटा ।

पाठ ३

१. शुश्रुषा, दधीची, समुह, गिरीश, मंजूषा, रुद्न, समिक्षा, भीक्षा, सुक्ष्म, भीषग, दुषण, भीषज, नुतन, सूमन, भुवन, इसा, भुमिका, पुज्जन, इरान, ईमान, युनान, स[illegible], सिनाई, गुलिम, कोहि, कोटी, ऋषि, वाणी, ताति, औषधी, जथाभावी, चुकी, दस्यू, सिम्भु, निरस, नीधन, क्रीडा, मुसा, टूसा, वीज, शिशा, तहकिकात, तासीर, जिवात, पीडा, संकिर्तन, मुहुर्त, दुर्मत, आयुर्वेद, त्रुटि, उतीर्ण।

२. भुमि, विभत्स, गम्भीर, अभीष्ट, युरोप, ग्रिष्म, धुम्र, वाल्मीकि, पसिना, खलीफा, महिना, काश्मीर, पीयूष, सन्दूक, मण्डूक, उजुर, सवुत, जुलूस, सम्मुख, प्रस्तुत, तण्डूल, अंकुश, लंगूर, दस्तुर, धत्तूर, इच्छूक, कन्तूर, मञ्जूल, भस्मीभूत, नतीजा, कुष्माण्ड, दुषक, अभिनित, संगृहीत, प्रमिला, भीषण, ट्युशन, खोकि, मौजुद, वेकूफ, ।

३. मिरा, लीला, गिता, प्रमीला, मालुम, नमूना, जासुस, सन्दुक, मण्डूक, उजुर, सवूत, जुलूस, सम्मुख, तण्डुल, अंकूश, लंगूर, दस्तुर, धत्तूर, युगल, यूवक, भिष्म, इप्सो, सुदन, दाजि, वस्ती, त्यति, लस्फु।

४. रहिम, वकील, मेशिन, शौकिन, नवीन, तह्लिन, यकीन, कौपीन, सचीव, अखिल, जटिल, कठीन, वधीर, तमसूक,

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मजबूत, नैनसूत, साबुदाना, अजामिल, अन्तरीम, कतिपय, पौराणीक, बहादूर, युधीस्थिर, अर्वाचीन, निरुपण, नवनित, तरबुजा, आगन्तूक, हैशीयत, नसिहत, इतीहास, रसीक, अतित, व्यतीत, दक्षिण, पश्चीम, पथिक, अन्तीम, सुखा, मुठी, पिछा।

पाठ ४

१. मिटर, जुनियर, टीचर, कीन, पिर, छीन, नुन, हीत, शीर, युग, तिल, सुम्फ, बीख, स्वास्तिमान्छे, काटीकुटी, बाजि-माथ, बसीबियाँलो, खिचिमिची, जोडीपाडी, लुटलाट, कूट-पिट, छानबीन, बातचित, हारालुछ, जिमीदार, सुचिकार, खरीदार, आलुबखडा, साढूभाइ, गाईगोठ, चरिखुट्टा, जुनकिरी, ठिकठाक, यती, दाजि, गिरि, अतिथी, कटी, तजविज, तालूक, तारीफ, चतुर्थ, पुर्जो, सक्रिय, माननीय, परिक्षा, सुग्रिव, टीका, सुर्ती, तिखो, टूटा, हीरा, मुगी, नियत, फाल्टु, चाकू।

२. लुताहा, पोतिलो, कट्टी, सट्टा, मस्याहा, चेटावनी, फत्ते, थकावत, कहावत, छनोट, बनोट, एकलौती, तमौते, मगन्टे, बक्यौटा, संझौता, चल्टी, थमौटी, धोकन्ते, आफन्त, मस्यौतो, कमौट, टंसाइ, दुंसी, धुंसाखान, डाइँ, धुवां, डसौंद, ताँका, छाँट, काँटा, भाँटि, करौंटी, गौंथली, गौंट, चाँडी, बाँध, फिट्टा, भित्ता, भट्ट, चट्टू, सुट्ट, कत्तल, बट्टी, सत्तू, बत्तू, पाटलो, पीतल, पोटनु, पट्टी, पट्यार, पोते, पटिया, सित्तैं, पताङ्गिनी।

३. सिकुते, छ्याकटे, बाथो, डुइटा, टाथो, सोटो, धैंटो, स्यागुटो, सौता, हाटी, खास्तो, सस्तो, किस्टी, बोहोटा, लूतो, सीटा, तातो, कुतो, तिम्र, दुकदुक, पितितिती, झंझत, कंचट, कटुस, फुतफर, केस्की, ताकट, ताकिता, कुटकुटी, चिटुवा, चतुर, चताते, चौटारो, ध्याङ्ग्रो, ढङ्ग, झंदै, झंडा, तकदिर, तहर्बल, टजवीज, तासीर, टहकीकाट, तालुक, बर्कट, हुर्मत, पतिट, उचित, सहिट, संस्कृत, टरखर, तारा, टाला, लगट,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

औकात, माइट, सापत, तालो, सिल्पट, तलक, तोलाउनु, ट्वाल्ल, ततोल्नु ।

४. प्रकाश,अवकाश,दशा,उपदंस,शोक,शकल, शसाङ्क,शसी, साशन, कुसुम,सिशिर,प्रसंसा,यसोदा, प्रायसः, ईसान, आशिष, आशाढ, आशान, रासि, निशि, परामर्स, पशु, दिवश, अवषान, वासना, भास्कर, नमश्कार, रस्मि, नाश, विवश, प्राशन, अभिलाषा,निसाद, पुरस्कार, आविस्कार, मशितस्क, वर्सा, मानुष, महौषधि, पिसाच, लेश, पोती, चितुवा, गठ्ठा, लर्टरो, हटकेला, बढटी, घोकन्ते, पछुतो, ह्ालट, ढपोत, धुङ्गा, फेता, गोरेंतो, गिल्ती, खल्ती, ताँका, चौपट, ढवागढघाङ्ग, प्याट्ट, इस्तिफ़ा शकुन, अभिष्ट चित्क्सर, पीतल, तराज, विभुति ।

पाठ ५

१. विशाल, वंश, विषाद, त्रिसय, आवश्यक, श्रोत, स्रम, ष्याम, भविस्य, समस्या, नश्वर, आष्चर्य, निश्छल, स्लाघा, चेस्टा, कस्तुरी, दुश्यन्त, स्वाति, स्वान, श्वेत शंकलन, संहार, श्कन्द, स्मरण, स्मशान, मांस, संसय, सुन्य, शम्भु, संका, शारदा, शिर, शंख्या, त्वाह्र, कती, तथापि, फजिति, कुन्ती, बाजी (खेल्दाको), सूचि, चालु, साल्युट, रज्जू, टापू, विभत्स, गिलो, हूटो, पिंधे, किमत, तकदीर, रियासत, प्रारम्भीक, दिपक, मंसिर, मन्दीर, सचीव, मण्डलिक, महसुल ।

२. वाहु, विलम्व, वाल्य, वलात्कार, वाधा, वैधानिक, व्रह्माण्ड, सम्वोधन, संवत, वन्धन, वलक, ध्रुव, गोवर्द्धन, वीणा, वेग, वीभत्स, शैशव, वन, रावन, तृण, मरन, रामायण, नरनाथ, दुर्णाम, कँलाउनु, तंसिनु, धुँसाखान, चुलेँसी, वाहीं, पैंचो, इँट, आंखा, गुँड़, हँसी, भाञ्छा, सन्चो, भान्सा, सिन्का, भण्टा, फलाउँछ, आउँनु, घेरै जसो, तापनि, मेरोचाहिं, त्यसले विना, हिंसा, अंश, श्तंम्भ, शंयोग, दर्सन, विसेशण, अवस्य, श्राव,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुश्वार, रहस्य, पीयूश, असेश, प्रस्न, लिप्सा, उत्सुक, आसन, आसीर्वाद, यस, प्रसस्ति, शुक्र, शुल्क, डुलन्टे, कुतो, कोटर्नु, पातो; उजराट, बक्यौटा, उत्तानो, चिन, बलौतो, भ्यागुटो, औकात, भ्रतारो ।

३. तल लेखिएका संज्ञा शब्दलाइ तद्धितान्त बनाऊः—

सप्ताह, भविष्य, नगर, मातृ, देश, पुराण, इतिहास, वृद्धि, साहित्य, चरित्र, आत्मा, सिद्धान्त, उपन्यास ।

तल लेखिएका तद्धितान्त शब्दलाइ मूल शब्द बनाऊः—

वैदेशिक, सैनिक, आर्थिक, वास्तविक, बौद्धिक, भौगोलिक, नैतिक, सांसारिक, दौहित्र, आन्तरिक, ऐन्द्रियिक, औपनिवेशिक, औद्योगिक, पाक्षिक ।

४. तल लेखिएका शब्दलाइ तद्धितान्त बनाऊः—

उचित, सुभग, भिक्षा, रूप्प, वहि, सन्निधि, हास, ग्राम, विलक्षण, उदासीन, निराश, हीन ।

तल लेखिएका तद्धितान्त शब्दलाइ मूल शब्द बनाऊः—

आतिथ्य, कैवल्य, नैकस्थ्य, वैषम्य, ऐतिह्य, दौर्भाग्य, सौम्य, प्राच्य, बाल्य, दास्य, त्रैलोक्य, पौरोहित्य, साहाय्य ।

तल लेखिएका शब्दलाइ तद्धितान्त बनाऊः—

शक्ति, उपनिषद्, सुरभि, पुरुष, तिल, चुम्बक, चीन, शिव, कुतूहल, मयूर, सुर, पितृ, पिशाच, कश्यप, वसुदेव, मगध, व्याकरण ।

तल लेखिएका तद्धितान्त शब्दलाइ मूल शब्द बनाऊः—

जैन, रौद्र, ऐन्द्र, वैध, शैव, चौड़, कौल, माथुर, कैशोर, दौहार्द, पातंजल, जानपद, सौवर्ण, सापत्न, वैभव, कारुण्य ।

पाठ ६

१. तल लेखिएका संज्ञा शब्दलाइ तद्धितान्त बनाऊः—

वाल्मीकि, युरोप, जाति ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तल लेखिएका तद्धितान्त शब्दलाइ मूल शब्द बनाऊः—
शास्त्रीय, स्वजातीय, आयुर्वेदीय ।
तल लेखिएका संज्ञा शब्दलाइ तद्धितान्त बनाऊः—
क्षमा, सभा, भाषा ।
तल लेखिएका तद्धितान्त शब्दलाइ मूल शब्द बनाऊः—
सख्य, श्रद्धेय, पूजनीय, आदरणीय ।
तल लेखिएका संज्ञा शब्दलाइ तद्धितान्त बनाऊः—
प्रजापति, जमदग्नि, अदिति ।
तल लेखिएका तद्धितान्त शब्दलाइ मूलशब्द बनाऊः—
आगस्त्य, पौलस्त्य, चाणक्य ।
तल लेखिएका संज्ञा शब्दलाइ तद्धितान्त बनाऊः—
गिरि, रमा, पार्वती ।
तल लेखिएका तद्धितान्त शब्दलाइ मूल शब्द बनाऊः—
आग्नेय, वैनतेय, रामेय ।
२. तल लेखिएका संज्ञा शब्दलाइ तद्धितान्त बनाउः—
दक्ष, युधिष्ठिर ।
तल लेखिएका तद्धितान्त शब्दलाइ मूल शब्द बनाऊः—
कार्ष्णि, सौमित्रि, सौति ।
तल लेखिएका विशेषण शब्दलाइ तद्धितान्त बनाऊः—
प्रचुर, धीर, गम्भीर ।
तल लेखिएका तद्धितान्त शब्दलाइ मूल शब्द बनाऊः—
स्थैर्य, नैरन्तर्य, वैर्य ।
तल लेखिएका संज्ञा शब्दलाइ तद्धितान्त बनाऊः—
रघु, पशु, पाण्डु, गुरु, बन्धु, पृथु, भृगु ।
तल लेखिएका तद्धितान्त शब्दलाइ मूल शब्द बनाऊः—
कौरव, सौष्ठव, आर्जव, धार्तराष्ट्र, वासव ।
तल लेखिएका शब्दलाइ तद्धितान्त बनाऊः—

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आनन्द, हर्ष ।

तल लेखिएका शब्दलाइ मूल शब्द बनाऊः—

आश्चर्यित, मुकुलित, अङ्कुरित ।

३. तल लेखिएका संज्ञा मूल शब्दलाइ विशेषण बनाऊः—

आच्छादन, अनुवादन, जीवन, संघर्षण, संभाषण, निमंत्रण, प्रस्तावना, आश्रय ।

तल लेखिएका विशेषण शब्दलाइ मूल शब्द बनाऊः—

अनुमोदित, कथित, आमंत्रित, सुवासित, समर्थित पारिप्लावित, नियंत्रित ।

तल लेखिएका संज्ञा मूल शब्दलाइ विशेषण बनाऊः—

अनुवन्धु, प्रवोधन, वोध, निरोध, संपद्, निर्वेद, गोपन ।

तल लेखिएका संज्ञा मूल शब्दलाई विशेषण बनाऊः—

असंवद्ध,अनिरुद्ध,अवरुद्ध,शुद्ध,खिन्न,विपन्न,अक्षुण्ण,उपनीत।

तल लेखिएका संज्ञा मूल शब्दलाइ विशेषण बनाऊः—

आग्रह, विग्रह, संग्रह ।

तल लेखिएका विशेषण शब्दलाइ मूल शब्द बनाऊः—

निगृहीत, परिगृहीत, अनुगृहीत ।

४. तल लेखिएका मूल शब्दलाइ विशेषण वनाऊः—

वहिस्कार, अस्वीकार, अहंकार ।

तल लेखिएका विशेषण शब्दलाइ मूल शब्द बनाऊः—

पुरस्कृत, तिरस्कृत, आविस्कृत, आदृत ।

तल लेखिएका मूल शब्दलाइ विशेषण वनाऊः—

उपनयन, प्रणयन, उद्भव, विलोप, नाश, क्रान्ति, दोष, विशेष, संयोग, पाक, दान ।

तल लेखिएका विशेषण शब्दलाइ मूल शब्द बनाऊः—

अपनीत, निर्णीत, विनीत, परिभूत; प्रभूत, पुष्ट, समाविष्ट,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रस्त, त्यक्त, वियुक्त, लब्ध, संतप्त ।

द्रष्टव्य : उपर्युक्त मूल शब्दको विशेषण 'नी' र 'भू' धातुबाट बनेका हुनाले 'गरिएको, भइएको, ल्याइएको' आदि अर्थ जाहेर गर्नें हुन्छ ।

हलन्त र विसर्गको ठीक प्रयोग गरः—

अकस्मात, सम्राट्, विद्वान, सम्यक, परिषद्, बृहत्, जगत, किंचित्, क्रमशः, विशेषत, प्राय, दुशासन, निःसन्देह, निशुल्क ।

पाठ ७

१. तल लेखिएका शब्दहरुको सन्धि गर—

धन र अर्थी, देव र आलय, शिक्षा र अन्ध, विद्या र आभूषण, परम र आनन्द, सम र अन्वय ।

तल लेखिएका सन्धिहरुको विच्छेद गरः—

धनान्ध, शिवाज्ञ, तथाहम्, चिन्तावेश, सिद्धाश्रम, भूतानन्द, देवाश्रित ।

तल लेखिएका शब्दहरुको सन्धि गरः—

कवि र इन्द्र, दधि र इन्दु, भूमि र ईश, पति र ईस्वर, नदी र इन्द्र, पत्नी र इच्छा, काशी र ईश्वर ।

तल लेखिएका सन्धिलाइ विच्छेद गर—

रवीन्द्र, कवीच्छा, गिरीश, पतीप्सा, प्रतीर्ष्या, सिद्धीषण, पत्नीष्टि, कुटीश्वर, स्त्रीक्षण ।

तल लेखिएका शब्दहरुको सन्धि गर—

विधु र उदय, लघु र उपाधि, सरयू र उपरि, भानू र उपमा भू र उर्ध्व ।

तल लेखिएका सन्धिलाइ विच्छेद गर—

सम्भूदय, सूक्ति, पशूर्ध्वाङ्ग, जम्बूपदेश, विष्णूदय, पशून्नति, विष्णूयाच ।

२. तल लेखिएका शब्दहरुको सन्धि गरः—

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज र इन्द्र, भारत र इन्दु, सुवर्ण र ईस्वर, धन र ईप्सा, राधा र इन्द्र, कन्या र इष्टि, दया र ईक्षण, राधा र ईश्वर।

तल लेखिएका सन्धिलाइ विच्छेद गरः—

नरेन्द्र, पुत्रेष्टि, स्वेच्छाचारी, कांचनेप्सा, नरेश, महेच्छा, करुणेन्दु, उर्मिलेन्द्र, रमेश, लंकेश्वर, करुणेप्सा।

तल लेखिएका शब्दलाइ सन्धि गरः—

उदय र उत्सव, आयुर्वेद र उन्नति, हित र उपदेश, विद्या र उन्नति, महा र उत्कृष्ट।

तल लेखिएका सन्धिहरुको विच्छेद गर :—रहस्योद्‌घाटन, सिवोपासना, सर्वोपरि, सर्वापेक्षा, आनन्दोद्गम, जलोत्पन्न।

सन्धि गरः— देव र ऋषि, सप्त र ऋषि।

विच्छेद गरः— राजर्षि, तवर्द्धि, देवर्ण।

तल लेखिएका शब्दहरुको सन्धि गरः—

भाव र ऐक, शिव र ऐश्वर्य, सदा र ऐव, मह र ऐश्वर्य।

विच्छेद गरः— मनैक, हृदयैश्वर्य।

सन्धि गरः— महा र ओषधि, राम र औदार्य।

विच्छेद गरः— उपोषति, विशुद्धौपधि।

तल लेखिएका शब्दहरुको सन्धि गरः—

मति र अनुसार, गति र अवरोध, मति र उन्नति, पति र ऐश्वर्य, इति र उक्रम, देवी र उवाच।

तल लेखिएका सन्धिको विच्छेद गरः—

गत्यनुकूल, दध्यत्र, नीत्यनुसार, विध्यर्थ, नीत्यैश्वर्य, प्रत्युपकार

व्यञ्जन—सन्धि

३ सन्धि गरः — दिक्+अन्त, अप+भाग।

तल लेखिएका सन्धि शब्दको विच्छेद गरः— सदाचार,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वागाड़म्बर, दिग्विजय, वागदान ।
सन्धि गरः—दिक्+नाग, तत्+मय ।
विच्छेद गर—दिङ्नेत्र ।
सन्धि गरः—परि+छेद, गृह+छिद्र ।
विच्छेद गरः—वृक्षच्छाया
सन्धि गरः—सत्+जन, उत्+छिन्न ।
विच्छेद गरः—उज्ज्वल, सच्चित ।
सन्धि गरः—उत्+श्रृङ्खल ।
विच्छेद गरः—विद्वच्छिरोमणि ।
सन्धि गरः—उत्+लेख, तत्+लीन, सत+हास, भगवत+वाणी, सत्+उत्तर, सत्+धारणा ।
विच्छेद गरः—सल्लेख, वाल्लेख, सद्धस्त, सदिच्छा, सद्धर्म ।

विसर्ग—सन्धि

४- सन्धि गरः—निः+छत्र, दः+छात्र, दः+चरित्र ।
विच्छेद गरः—निश्चल, रामश्चलति ।
सन्धि गरः—देवः+गच्छति, रामः+हसति, गोपालः+वदति ।
विच्छेद गरः—नर्तको नृत्यति, बाली लालायते ।
सन्धि गरः—प्रादुः+भवति, निः+भवाणि ।
विच्छेद गरः—वहिर्गच्छति, अन्तर्मति ।
सन्धि गरः—हरिः+रम्य, पुनर+रमते ।
विच्छेद गरः—रवि राजते, कवि रमते ।
सन्धि गरः—आविः र कार, वहिः र कार ।
विच्छेद गरः—दुष्कृति, निष्कृति ।
सन्धि गरः—निः र शुल्क, दुः र शासन ।
विच्छेद गरः—निःशेष ।

gannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Ne

CC-0. Digitized by eGangotri and MIDF- Delhi

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुस्तक पाइने ठेगाना

१. रत्न-पुस्तक भण्डार, भोटाहिटी, नेपाल
२. भक्त-पुस्तक भण्डार, भोटाहिटी, नेपाल
३. विजय-पुस्तक भण्डार, भोटाहिटी, नेपाल
४. जन-हित-पुस्तक भण्डार, भोटाहिटी, नेपाल
५. हरेक-पुस्तक भण्डार, भोटाहिटी, नेपाल
६. ज्ञानबहादुर श्रेष्ठ, भोटाहिटी, नेपाल
७. मानदास-सुगतदास, कमलाछी, नेपाल
८. महावीर सिंह, मखनटोल, नेपाल
९. चिनियामान-दिव्यमान, मखन, नेपाल
१०. ज्योति-पुस्तक-भण्डार, मखन, नेपाल
११. सुलोचन ब्रदर्स, क्षेत्रपाटी, नेपाल
१२. सन्देश-गृह, वाङ्गेमूढा टोल, नेपाल
१३. वेखालाल बुक्सेलर, पाटन, नेपाल
१४. पशुपतिभक्त बुक्सेलर, भक्तपुर, नेपाल
१५. प्रदीपशंकर, कर्णशंकर, पोखरा, नेपाल
१६. नारायणदास एण्ड-सन्स, दार्जलिङ्ग
१७. देवीप्रसाद उपासक, कालिङ्गपोङ्ग

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep